# बीमा ऐन,२०४९ लाई खारेज गर्ने प्रस्तावित
# बीमा ऐन, २०६६ को प्रारम्भिक मसौदा

## बीमा व्यवसायलाई व्यवस्थित, नियमित तथा बिकसित गर्न बनेको ऐन

**प्रस्तावना :** बीमाको माध्यमबाट नेपाल राज्यको अर्थतन्त्रको दिगो विकास गर्न, वीमा व्यवसायलाई व्यवस्थित, नियमित, बिकसित, गुणस्तरीय, प्रतिस्पर्धी तथा विश्वसनीय बनाई बीमितको हक हित संरक्षण गर्न र बीमा नियमनकारी निकायलाई प्रभावकारी बनाउन बीमा सम्बन्धी प्रचलित कानूनलाई तत्काल समयानुकूल बनाउन वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संबिधान बमोजिम व्यवस्थापिका-संसदको हैसियतमा संविधान सभाले यो ऐन बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१ **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "बीमा ऐन, २०६६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो ऐन नेपाल राज्य भर तथा बीमकले नेपाल बाहिर जुनसुकै मुलुकमा स्थापना गरेको कार्यालय समेतलाई लागू हुनेछ।

तर दफा १२२ को उपदफा (१) को खण्ड (ख) बमोजिम राष्ट्रिय बीमा संस्थान ऐन,२०२५ को खारेजी नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिबाट लागू हुनेछ।

२ **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) ''प्राधिकरण'' भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल बीमा प्राधिकरण सम्झनु पर्छ।

(ख) "सञ्चालक समिति" भन्नाले दफा ११ बमोजिम गठन भएको प्राधिकरणको सञ्चालक समिति सम्झनु पर्छ।

(ग) ''अध्यक्ष'' भन्नाले प्राधिकरणको अध्यक्ष सम्झनु पर्छ।

(घ) ''सदस्य'' भन्नाले प्राधिकरणको सञ्चालक समितिको सदस्य सम्झनु पर्छ र सो शव्दले प्राधिकरणको अध्यक्षलाई समेत जनाउँछ।

(ङ) ''बीमक'' भन्नाले दफा ४३ बमोजिम दर्ता भएको संगठित संस्था सम्झनु पर्छ र सो शव्दले पुनर्बीमकलाई समेत जनाउँछ।

(च) " बीमा पुल" भन्नाले कुनै खास जोखिम समुह अन्तर्गतको दायित्व निर्वाह गर्ने उद्देश्यले बीमक बीमक बीच यस ऐन बमोजिम स्थापना भएको पुल सम्झनपर्छ र सो शब्दले आकस्मिक बीमा कोष समेतलाई जनाउँछ।

(छ) "संस्था" भन्नाले यस ऐन बमोजिम बीमकको रुपमा बीमा व्यवसाय गर्नको लागि प्रचलित कानून बमोजिम संस्थापना हुन प्रस्ताबित पब्लिक लिमिटेड कम्पनी सम्झनु पर्छ।

(ज) ''बीमा व्यवसाय'' भन्नाले जीवन बीमा व्यवसाय वा निर्जीवन बीमा व्यवसाय संझनु पर्छ र सो शव्दले पुनर्बीमा व्यवसायलाई समेत जनाउँछ।

(झ) "जीवन बीमा व्यवसाय" भन्नाले कुनै व्यक्तिको जीवन संबन्धमा एकमुष्ठ वा किस्ताबन्दी बुझाउने गरी कुनै खास रकम तिरेमा बीमालेख बमोजिम कुनै खास रकम पाउने करार गरी गरिने बीमा व्यवसाय संझनु पर्छ।

(ञ) ''निर्जीवन बीमा व्यवसाय'' भन्नाले कुनै सम्पत्ति वा दायित्वको सम्बन्धमा कुनै खास रकम तिरेमा बीमालेख बमोजिम क्षतिपूर्ति पाउने करार गरी गरिने बीमा व्यवसाय संझनु पर्छ।

(ट) ''पुनर्बीमा व्यवसाय'' भन्नाले बीमकले जोखिम धारण गर्ने अंश भन्दा बढी अंशको पुनः बीमा गर्ने बीमा व्यवसाय सम्झनु पर्छ।

(ठ) ‘‘बीमालेख’’ भन्नाले बीमाको करारनामा संबन्धी अधिकार तथा दायित्व उल्लेख भएको लिखत सम्झनु पर्छ ।

(ड) ‘‘पुनर्बीमा करार’’ भन्नाले बीमकले धारण गर्ने जोखिमको अंश भन्दा बढी अंश अर्को बीमकलाई हस्तान्तरण गरी लिने दिने करारनामा सम्बन्धी अधिकार तथा दायित्व उल्लेख भएको लिखत सम्झनु पर्छ ।

(ढ) ‘‘बीमांङ्की’’ भन्नाले बीमकको सम्पत्ति तथा दायित्वको मूल्यांकन गर्नको लागि तोकिए बमोजिमको योग्यता भएको व्यक्ति सम्झनु पर्छ ।

(ण) ‘‘बीमित’’ भन्नाले जीवन बीमा तथा निर्जीवन बीमालेख लिने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(त) ‘‘बीमा अभिकर्ता’’ भन्नाले बीमकको तलबी कर्मचारी नभई कमिशनको आधारमा बीमकको तर्फबाट काम गर्ने दफा १०० बमोजिम इजाजतपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(थ) ‘‘सर्भेयर’’ भन्नाले बीमा भएको क्षतिग्रस्त संपत्तिको आर्थिक मूल्यांकन गर्ने दफा १०१ बमोजिम इजाजत प्राप्त व्यक्ति सम्झनु पर्छ र सो शव्दले लस एडजस्टर र नोक्सानी मूल्यांकन गर्नेलाई समेत जनाउंछ ।

(द) ‘‘बीमा दलाल’’ भन्नाले बीमा व्यवसाय संबन्धमा बीमक र बीमक बीच माध्यमको रुपमा काम गर्न दफा १०२ बमोजिम इजाजतपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(ध) “तेश्रो पक्ष सहजकर्ता” भन्नाले बीमित र बीमक बीच दावी सम्बन्धी समन्वय गर्न दफा १०३ वमोजिम इजाजत प्राप्त व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(न) ‘‘आर्थिक वर्ष’’ भन्नाले नेपाल सरकारको आर्थिक बर्ष सम्झनु पर्छ ।

(प) “लगानी ”भन्नाले बीमक वा दलालको सबै किसिमको पूँजी, तथा अन्य कुनै श्रोतबाट प्राप्त हुन आएको सम्पूर्ण रकमको प्रतिफल प्राप्त हुने गरी गरिएको लगानी सम्झनु पर्छ ।

(फ) ‘‘लेखापरीक्षक’’ भन्नाले प्रचलित कानून बमोजिम लेखापरीक्षण गर्न प्रमाणपत्र प्राप्त लेखा परिक्षक सम्झनु पर्छ ।

(ब) “प्रमाणपत्र” भन्नाले यस ऐन बमोजिम बीमकको नाममा जारी भएको प्रमाणपत्र सम्झनु पर्छ र यो शब्दले यस ऐन बमोजिम बीमा अभिकर्ता, सर्भेयर,बीमा दलाल वा तेश्रो पक्ष सहजकर्ताको नाममा जारी भएको इजाजतपत्रलाई समेत जनाउँछ ।

(भ) “प्रमाणपत्र प्राप्त संस्था” भन्नाले यस ऐन बमोजिम संस्थागत प्रमाणपत्र प्राप्त गरेको बीमक, बीमा अभिकर्ता, सर्भेयर, दलाल र तेश्रो पक्ष सहजकर्तालाई सम्झनु पर्छ ।

(म) “वित्तीय स्वार्थ” भन्नाले बीमकको संस्थापक वा सञ्चालक वा एक प्रतिशत वा सोभन्दा बढी शेयर लिएको शेयरधनी वा कार्यकारी प्रमुख वा त्यस्ता व्यक्तिको परिवारका सदस्य वा सञ्चालक मनोनित गर्ने अधिकार पाएको व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले कुनै फर्म, कम्पनी वा संगठित संस्थाको चुक्ता पुँजीको दश प्रतिशत वा सो भन्दा बढी हुने गरी छुट्टाछुट्टै वा संयुक्त रुपमा शेयर खरिद गरेको रहेछ भने त्यस्तो कम्पनी वा संगठित संस्थामा त्यस्तो संस्थापक वा सञ्चालक वा एक प्रतिशत वा सोभन्दा बढी शेयर लिएको शेयरधनी वा कार्यकारी प्रमुख वा त्यस्ता व्यक्तिको परिवारका सदस्यको वित्तीय स्वार्थ रहेको अवस्था सम्झनु पर्छ ।

(य) “परिवार” भन्नाले सम्बन्धित व्यक्तिको पति वा पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नुपर्ने दाजु, भाइ र दिदी, बहिनी सम्झनु पर्छ ।

(र) ‘‘तोकिएको’’ वा ‘‘तोकिए बमोजिम’’ भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२
## प्राधिकरणको स्थापना, उद्देश्य तथा काम, कर्तव्य र अधिकार

३ **प्राधिकरणको स्थापना** :(१) नेपाल राज्यको बीमा नियमनकारी निकायको रुपमा कार्य गर्न नेपाल बीमा प्राधिकरणको स्थापना हुनेछ ।

(२) प्राधिकरण अबिच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(३) प्राधिकरणको काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(४) प्राधिकरणले यस ऐनको अधीनमा रही चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, राख्न, बेच बिखन गर्न र यस्तै अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(५) प्राधिकरणले आफ्नो नामबाट नालिश उजुर गर्न र प्राधिकरण उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(६) प्राधिकरणको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र आवश्यकता अनुसार प्राधिकरणले नेपालभित्र जुनसुकै ठाउँमा क्षेत्रिय, शाखा, उपशाखा तथा अन्य कार्यालयहरु खोल्न सक्नेछ ।

(७) प्राधिकरणको सम्पत्ति र दायित्व सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) बीमा ऐन, २०४९ बमोजिम गठित बीमा समितिको सम्पत्ति तथा दायित्व बीमा प्राधिकरणमा सर्ने छ ।

**स्पष्टिकरण** : समितिको सम्पत्ति भन्नाले बीमा समितिको नाममा रहेको सबै किसिमका चल, अचल सम्पत्ति तथा नगद मौज्दात, बैंक तथा बित्तिय संस्थामा रहेको निक्षेप एवं त्यसबाट बढे बढाएको रकम र त्यस्तो अधिकार स्थापित गर्ने कुनै पनि वहि खाता तथा अन्य कागजात सम्झनु पर्दछ भने दायित्व भन्नाले बीमा समितिले वहन गरेको सबै प्रकारको ऋण तथा जिम्मेवारी सम्झनु पर्दछ ।

(ख) खण्ड (क) बमोजिम वहन गरिएको दायित्व सृजना गर्ने बीमा समिति पक्ष भएका सबै किसिमका करारहरु यस ऐन अन्तर्गत बीमा प्राधिकरणले गरेको मानिने छ ।

(ग) बीमा समितिले भुक्तानी गर्न बाँकी सबै प्रकारका रकम प्राधिकरणको भुक्तानी गर्न बाँकी रहेको रकम मानिने छ ।

(घ) बीमा समितिको नाममा अदालतमा दायर भएका र प्राधिकरणले दायर गरेका मुद्दा प्राधिकरणले दायर गरेको एवं प्राधिकरणको बिरुद्ध दायर गरेको मानिने छन् ।

(ङ) बीमा ऐन, २०४९ बमोजिम स्थापित बीमा समितिका अध्यक्ष तथा सदस्यहरु बीमा प्राधिकरणका अध्यक्ष तथा सदस्य मानिने छन् ।

४ **प्राधिकरणको उद्देश्य** : (१) प्राधिकरणको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) बीमा सम्बन्धी नीति निर्माण गरी सोको कार्यान्वयन गर्ने गराउने,

(ख) बीमित हक हित संरक्षण गर्ने,

(ग) बीमा ब्यवसायलाई सुरक्षित, स्वच्छ, सक्षम र प्रतिस्पर्धी बनाउने,

(घ) बीमा ब्यवसायको बिकास तथा प्रवर्द्धन गर्ने,

(ङ) बीमा ब्यवसायको विश्वसनीयता अभिवृद्धि गर्ने , र

(च) बीमा व्यवसायको माध्यमबाट अर्थतन्त्रको दिगो विकासमा टेवा पुर्‍याउने ।

(२) उपदफा (१) बमोजिमको उद्देश्यमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी प्राधिकरणले नेपाल सरकारको बीमा नीति कार्यान्वयनमा सहयोग पुर्‍याउनेछ ।

५ **प्राधिकरणको काम, कर्तव्य र अधिकार** : (१) दफा ४ बमोजिमको उद्देश्य हासिल गर्नको निमित्त प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) बीमा व्यवसायलाई व्यवस्थित, नियमित तथा विकसित गर्नको लागि राष्ट्रिय नीति निर्धारण गर्न नेपाल सरकारलाई आवश्यक सुझाव दिने,

(ख) नेपाल सरकारको बीमा सल्लाहकारको रुपमा कार्य गर्ने,

(ग) बीमितको हक हित संरक्षणको निम्ति आधारहरु तर्जुमा गर्ने,

(घ) बीमा व्यवसायको स्थायित्व र जोखिम न्यूनिकरण सम्बन्धी आधारहरु तर्जुमा गर्ने,

(ङ) बीमा व्यवसायको बिकास तथा प्रबर्द्धन गर्ने,

(च) बीमा व्यवसायका सम्बन्धमा समय-समयमा आवश्यक नियम, बिनियम, निर्देशिका, निर्देशन, आदेश, मापदण्ड, दिग्दर्शन, मार्गदर्शन जारी गरी लागू गर्ने,

(छ) जोखिम हस्तान्तरण एवं रक्षावरण तथा बीमा दावी भुक्तानी प्रणालीलाई प्रभावकारी बनाउने,

(ज) बीमा व्यवसायलाई व्यवस्थित गर्न बीमा पुलको स्थापना, संचालन तथा खारेजी गर्ने,

(झ) बीमक, बीमा अभिकर्ता, सर्भेयर, बीमा दलाल वा तेश्रो पक्ष सहजकर्ता दर्ता गर्ने, नवीकरण गर्ने, तथा दर्ता खारेज गर्ने ,गराउने,

(ञ) बीमकको लगानी सम्बन्धी नीति तथा प्राथमिकता क्षेत्र तोकि लागू गर्ने,

(ट) बीमा व्यवसायको आवश्यक नियमन, निरीक्षण, सुपरिवेक्षण तथा नियन्त्रण गर्ने,

(ठ) बीमक तथा बीमित बीचको वाद विवादमा मध्यस्थता गर्ने,

(ड) बीमक तथा बीमक बीचको बिवादमा मध्यस्थता गर्ने,

(ढ) बीमा दायित्व निर्धारणका सम्बन्धमा बीमक विरुद्ध बीमितले दिएको उजुरीउपर निर्णय गर्ने,

(ण) बीमक, सर्भेयर, बीमा अभिकर्ता, बीमा दलाल र तेश्रो पक्ष सहजकर्तालाई यस ऐन बमोजिम कारवाही तथा दण्ड सजाय गर्ने,

(त) यस ऐन बमोजिम प्राधिकरणको उद्देश्य हासिल गर्नको निमित्त प्राधिकरणले गर्नु पर्ने अन्य आवश्यक कार्यहरु गर्ने, गराउने ।

(२) यस ऐन बमोजिम प्राधिकरणको उद्देश्य हासिल गर्न प्राधिकरणले आवश्यकतानुसार उप-समितिहरु गठन गर्न सक्नेछ ।

(३) प्राधिकरणलाई यस ऐन वा अन्य प्रचलित कानूनद्वारा प्रदान गरिएको अधिकारको प्रयोग गर्दा आवश्यक पर्ने अन्य काम, कारबाही समेत गर्ने अधिकार हुनेछ ।

(४) प्राधिकरणले यस ऐन अन्तगर्त प्राप्त गरेको अधिकारको कसैबाट अतिक्रमण हुने छैन ।

६ **प्राधिकरणलाई छूट र सुविधा** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्राधिकरणले प्राप्त गर्ने सेवा शुल्क र जायजेथामा कुनै किसिमको कर वा शुल्क लाग्ने छैन ।

७ **नेपाल सरकार र प्राधिकरणको सम्बन्ध** : यस ऐन बमोजिम नेपाल सरकारले प्राधिकरणसंग र प्राधिकरणले नेपाल सरकारसंग सम्बन्ध राख्दा नेपाल सरकार, अर्थ मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

८ **अन्य निकायसंग सम्बन्ध** : (१) आफ्नो उद्देश्य प्राप्तिको लागि प्राधिकरणले नेपाल सरकार, सार्वजनिक निकाय वा अन्य निकायसंग आवश्यक सम्बन्ध राख्न सक्नेछ ।

(२) प्राधिकरणले अनुरोध गरेको खण्डमा नेपाल सरकार, नियमनकारी निकाय, सार्वजनिक निकाय, संघ संस्था, निजी क्षेत्र तथा व्यक्तिले प्राधिकरणलाई आवश्यक सूचना उपलब्ध गराउनु पर्नेछ ।

९ **अन्तर्राष्ट्रिय सहयोग तथा सम्बन्ध** : (१) प्राधिकरणले आफ्नो अधिकारक्षेत्रभित्र रहेका विषयमा अन्तर्राष्ट्रिय संघ, संस्थाहरुमा नेपालको प्रतिनिधित्व गर्नेछ ।

(२) प्राधिकरणले नेपालको प्रतिनिधिको हैसियतले अन्तर्राष्ट्रिय संघ, संस्थामा भाग लिंदा आफ्नो मुलुकको तर्फबाट बहन गर्नुपर्ने उत्तरदायित्व र सम्पन्न गर्नुपर्ने कार्यको जिम्मेवारी लिनेछ ।

१० **सार्वजनिक सूचनाको प्रवाह** : प्राधिकरणले आफ्नो तथा बीमा क्षेत्रको काम कार्वाहीको जानकारी नियमित रुपले प्रकाशन र प्रशारण गर्नेछ ।

## परिच्छेद–३
## सञ्चालक समितिको गठन तथा काम, कर्तव्य र अधिकार

११ **सञ्चालक समितिको गठन :** (१) प्राधिकरणमा देहायका सदस्यहरु भएको एउटा सञ्चालक समिति हुनेछ :

(क) यस ऐनको दफा १२ बमोजिम नेपाल सरकारले नियुक्त गरेको व्यक्ति - अध्यक्ष

(ख) प्रतिनिधि कानून, न्याय तथा संबिधान सभा मन्त्रालय - सदस्य

(ग) प्रतिनिधि अर्थ मन्त्रालय - सदस्य

(घ) बीमा व्यवसायमा विशेष ज्ञान भएका व्यक्तिहरु मध्येबाट नेपाल सरकारले मनोनित गरेको एक जना व्यक्ति - सदस्य

(ङ) बीमितहरु मध्येबाट नेपाल सरकारले मनोनीत गरेको एकजना व्यक्ति - सदस्य

(२) सञ्चालक समितिले तोकेको प्राधिकरणको बरिष्ठतम् कर्मचारीले प्राधिकरणको सचिबको कार्य गर्नेछ ।

१२ **अध्यक्षको नियुक्ति :** (१) नेपाल सरकार, मन्त्रिपरिषद्ले उपदफा (२) बमोजिम गठन भएको सिफारिस समितिको प्रतिवेदनको आधारमा अध्यक्षको नियुक्ति गर्नेछ ।

(२) नेपाल सरकार, मन्त्रिपरिषद्ले अध्यक्षको नियुक्ति गर्न देहाय बमोजिमको सिफारिस समिति गठन गर्नेछ :-

(क) अर्थ सचिव - अध्यक्ष

(ख) प्राधिकरणका पूर्व अध्यक्ष वा सदस्य मध्येवाट एक जना - सदस्य

(ग) नेपाल सरकारले तोकेको बीमा क्षेत्रका लब्ध प्रतिष्ठित व्यक्तिमध्येवाट एक जना - सदस्य

(३) उपदफा (२) बमोजिम गठन भएको सिफारिस समितिले दफा १६ बमोजिम योग्यता पुगेको व्यक्तिहरु मध्येबाट तीन जनाको नामावली नेपाल सरकार, मन्त्रीपरिषदमा सिफारिस गर्नेछ ।

(४) उपदफा (३) बमोजिम सिफारिस भएका व्यक्ति मध्येबाट एक जनालाई नेपाल सरकार, मन्त्रिपरिषद्ले अध्यक्ष पदमा नियुक्त गर्नेछ ।

(५) सिफारिस समितिको कार्य अवधि नेपाल सरकारले तोकिदिए बमोजिम हुनेछ ।

(६) सिफारिस समितिको कार्यबिधि सिफारिस समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१३ **सदस्यको नियुक्ति** : नेपाल सरकार, मन्त्रिपरिषद्ले सदस्यको नियुक्ति गर्नेछ ।

१४ **सदस्यको कार्यकाल :** (१) अध्यक्ष र सदस्यको कार्यकाल पाँच वर्षको हुनेछ ।

(२) नेपाल सरकारले मनासिब देखेमा कार्यकाल समाप्त भएको अध्यक्ष तथा सदस्यलाई थप एक कार्यकालको निमित्त पुन : नियुक्त गर्न सक्नेछ ।

१५ **अध्यक्ष र सदस्यको पारिश्रमिक तथा अन्य सुविधा** : अध्यक्ष र सदस्यको सेवाको शर्त पारिश्रमिक, बैठक भत्ता तथा अन्य सुविधा सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

१६ **अध्यक्ष र सदस्यको योग्यता** : अध्यक्ष र सदस्य पदमा नियुक्त हुनको लागि देहाय बमोजिम योग्यता पुगेको व्यक्ति हुनु पर्नेछ :

(क) नेपालको नागरिक भएको,

(ख) उच्च नैतिक चरित्र भएको,

(ग) बीमा, आर्थिक, मौद्रिक, बैङ्किङ्ग, वित्तीय, वाणिज्य, व्यवस्थापन, जनप्रशासन, तथ्यांङ्कशास्त्र, गणित, कानून वा अन्य विषयमा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरी बीमा, आर्थिक, मौद्रिक, बैङ्किङ्ग, वित्तीय वा कानूनको क्षेत्रमा कार्य अनुभव हासिल गरेको,

(घ) दफा १७ बमोजिम अयोग्य नभएको ।

१७ **अध्यक्ष र सदस्यको अयोग्यता :** देहायका कुनै पनि व्यक्ति अध्यक्ष र सदस्य पदमा नियुक्त हुन योग्य हुने छैन :

(क) राजनैतिक दलको सदस्य वा पदाधिकारी,

(ख) प्रचलित कानुन वमोजिम कालो सूचीमा रहेको व्यक्ति,

(ग) बीमकको बहालवाला पदाधिकारी,

(घ) कुनै बीमकमा एक प्रतिशत वा सो भन्दा बढी शेयर वा मतदानको अधिकार भएको व्यक्ति,

(ङ) ऋण तिर्न नसकी साहुको दामासाहीमा परेको व्यक्ति,

(च) मानसिक सन्तुलन बिग्रेको वा बहुलाएको व्यक्ति,

(छ) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट सजाय पाएको व्यक्ति, र

१८ **अध्यक्ष तथा सदस्य पदमुक्त हुने अवस्था :** (१) नेपाल सरकार, मन्त्रिपरिषद्ले उपदफा (४) बमोजिम पदमुक्त हुने अवस्थामा पुगेका अध्यक्ष तथा सदस्यलाई पदमुक्त गर्नेछ ।

तर नेपाल सरकारले यसरी पदमुक्त गर्नु भन्दा अघि सम्बन्धित व्यक्तिलाई आफ्नो सफाई पेश गर्ने उचित अवसरबाट बन्चित गर्ने छैन ।

(२) नेपाल सरकारले उपदफा (१) बमोजिम अध्यक्षलाई पदमुक्त गर्दा दफा १९ बमोजिम गठन भएको जाँचबुझ समितिको सिफारिसमा गर्नेछ ।

(३) नेपाल सरकारले उपदफा (१) बमोजिम अध्यक्षलाई पदमुक्त गर्ने प्रकृया शुरु गर्ना साथ निज आफ्नो पदबाट स्वतः निलम्बन भएको मानिनेछन ।

(४) अध्यक्ष तथा सदस्य देहायको कुनै अवस्थामा पद मुक्त हुनेछन् :

(क) दफा १७ बमोजिम सदस्य हुन अयोग्य भएमा,

(ख) यस ऐन बमोजिम प्राधिकरणको उद्देश्य हासिल गर्नको निमित्त प्राधिकरणले गर्नु पर्ने कार्यहरु कार्यान्वयन गर्न, गराउन कार्य क्षमताको अभाव भएमा,

(ग) बीमा व्यवसाय वा सर्वसाधारण बीमितलाई हानी नोक्सानी पुग्ने कार्य गरेको पुष्टि भएमा,

(घ) प्राधिकरणको काम कारबाहीमा बेइमानी वा बदनियत गरेको पुष्टि भएमा,

(ङ) खराब आचरणको कारणबाट कुनै पेशा वा व्यवसाय गर्नबाट अयोग्य ठहऱ्याई प्रमाणपत्र खोसिएको वा व्यवसाय गर्न रोक लगाइएकोमा,

(च) मनासिब माफिकको कारण बिना लगातार तीन पटक भन्दा बढी संचालक समितिको बैठकमा अनुपस्थित भएमा,

(५) नेपाल सरकारले दफा ११ को उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिम नियुक्त सदस्यलाई नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै पनि समयमा पदमुक्त गर्न सक्नेछ ।

१९ **जाँचबुझ समितिको गठन तथा काम, कर्तव्य :** (१) नेपाल सरकारले दफा १८ को उपदफा (२) बमोजिम अध्यक्षलाई पदमुक्त गर्नु अघि देहाय बमोजिमको जाँचबुझ समिति गठन गरी सो समितिको सिफारिसमा अध्यक्षलाई पदमुक्त गर्नेछ :

(क) सर्वोच्च अदालतबाट अवकाश प्राप्त न्यायाधिशहरुमध्येबाट नेपाल सरकारले तोकेको व्यक्ति - अध्यक्ष

(ख) बीमा, आर्थिक, मौद्रिक, बैङ्किङ्ग, वित्तीय, वाणिज्य, व्यवस्थापन, जनप्रशासन, तथ्यांङ्कशास्त्र,

गणित, कानून वा अन्य विषयमा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरी बीमा, आर्थिक, मौद्रिक, बैङ्किङ्ग, वित्तीय वा कानूनको क्षेत्रमा कार्य अनुभव हासिल गरेको लब्ध प्रतिष्ठित व्यक्तिहरु मध्येबाट नेपाल सरकारले तोकेका दुई जना व्यक्ति

- सदस्य

(२) जाँचबुझ समितिले जाँचबुझ गरी आफ्नो राय ठहर सहितको सिफारिस नेपाल सरकार समक्ष पेश गर्नु भन्दा अघि सम्बन्धित व्यक्तिसंग बयान लिन वा सोधपुछ गर्न सक्नेछ।

(३) जाँचबुझ समितिले जाँचबुझको सिलसिलामा अपनाउनु पर्ने कार्यविधि आफैले निर्धारण गर्न सक्नेछ।

(४) जाँचबुझ समितिले राय ठहर सहितको आफ्नो सिफारिस एक महिनाभित्र नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ।

२० **सदस्यको राजीनामा** : अध्यक्ष वा सदस्यले नेपाल सरकार समक्ष लिखित राजीनामा दिई आफ्नो पदबाट हट्न सक्नेछ।

२१ **अध्यक्ष नियुक्तिको सार्वजनिक सूचना** : नेपाल सरकारले बहालवाला अध्यक्षको पद रिक्त हुनु भन्दा सामान्यतया एक महिना अगावै अध्यक्षको पदमा यस ऐन बमोजिम नियुक्त गरी सोको सूचना सार्वजनिक रुपमा प्रकाशन तथा प्रसारण गर्नेछ।

२२ **रिक्त पदको पूर्ति** : नेपाल सरकारले अध्यक्ष वा कुनै सदस्यको कार्यकाल पूरा नहुँदै रिक्त हुन आएमा यस ऐन बमोजिमको प्रकृया पूरा गरी सो पदमा उपयुक्त व्यक्तिलाई नियुक्त गर्नेछ।

२३ **सञ्चालक समितिको बैठक** : (१) सञ्चालक समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(२) सञ्चालक समितिको बैठक प्राधिकरणको आवश्यकता अनुसार बस्न सक्नेछ।

तर दुई महिनामा एकपटकमा नघटाई कम्तिमा बर्षको बाह्र पटक सञ्चालक समितिको बैठक बस्नु पर्नेछ।

(३) सञ्चालक समितिको बैठक अध्यक्षले बोलाउनेछ।

तर सञ्चालक समितिका तीन जना सदस्यले सञ्चालक समितिको बैठक बोलाउन लिखित अनुरोध गरेमा अध्यक्षले वा अध्यक्षको अनुपस्थितिमा सञ्चालक समितिको ज्येष्ठ सदस्यले सञ्चालक समितिको बैठक बोलाउनु पर्नेछ।

(४) सञ्चालक समितिले सो समितिको बैठक बोलाउने, सञ्चालन गर्ने, मतदान गर्ने, माइन्युट राख्ने तथा अन्य कार्यविधिका सम्बन्धमा एउटा छुट्टै विनियम बनाउन सक्नेछ।

(५) सञ्चालक समितिको बैठकमा तीन जना सदस्य उपस्थित भएमा सञ्चालक समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(६) बैठकमा उपस्थित सदस्य संख्याको बहुमतको निर्णय सञ्चालक समितिको निर्णय मानिनेछ। कुनै प्रस्तावको पक्ष र विपक्षमा मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) सञ्चालक समितिले आवश्यक ठानेमा कुनै स्वदेशी वा बिदेशी बिशेषज्ञलाई सञ्चालक समितिको बैठकमा उपस्थित हुन आमन्त्रित गर्न सक्नेछ।

(८) सञ्चालक समितिको निर्णय सचिवद्वारा प्रमाणित गरिनेछ।

२४ **सञ्चालक समितिको काम, कर्तव्य तथा अधिकार** : (१) सञ्चालक समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ :-

(क) बीमा सम्बन्धी आवश्यक नीति निर्माण गर्ने,

(ख) बीमा व्यवसायको नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन सम्बन्धमा आवश्यक नीति निर्माण गर्ने,

(ग) दफा १२० र १२१ अन्तर्गत बनेका नियम, बिनियम, निर्देशिका, निर्देशन, आदेश, मापदण्ड, दिग्दर्शन, मार्गदर्शन स्वीकृत गर्ने,

(घ) प्राधिकरणको सञ्चालन र व्यवस्थापन सम्बन्धी नीति निर्माण गर्ने,

(ङ) प्राधिकरणका कर्मचारीहरुको नियुक्ति, बढुवा, सरुवा, बर्खास्ती, पारिश्रमिक, निवृत्तिभरण, उपदान, संचयकोष, विदा, आचरण तथा सेवा सम्बन्धी अन्य शर्त सम्बन्धी बिनियम बनाउने,

(च) प्राधिकरणको वार्षिक कार्यक्रम र बजेट स्वीकृत गर्ने,

(छ) प्राधिकरणको लेखापरीक्षण प्रतिबेदन स्वीकृत गर्ने,

(ज) समितिको काम कारबाहीको वार्षिक प्रतिवेदन स्वीकृत गरी नेपाल सरकारमा पेश गर्ने,

(झ) बीमा व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउन बीमकहरुबीच पुल स्थापना, संचालन,नीयमन,सुपरिबेक्षण तथा खारेजी सम्बन्धी कार्य गर्ने,

(ञ) आकस्मिक बीमा कोषको नियमन, सुपरीवेक्षण तथा नियन्त्रण गर्ने,

(ट) बीमक, सर्भेयर, बीमा दलाल, बीमा अभिकर्ता, तेश्रो पक्ष सहजकर्ताको दर्ता नवीकरण तथा दर्ता खारेजी सम्बन्धमा नीति निर्माण गर्ने,

(ठ) बीमक, बीमा दलाल तथा तेस्रो पक्ष सहजकर्ताको दर्ता, दर्ता नबीकरण व्यवसाय रोक्का तथा दर्ता खारेजी सम्बन्धी निर्णय गर्ने,

(ड) बीमक तथा बीमा दलालको लगानी सम्बन्धी नीति तथा प्राथमिकता क्षेत्र तोक्ने,

(ढ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्थामा प्राधिकरणको सदस्यता सम्बन्धमा निर्णय गर्ने,

(ण) प्राधिकरणको वित्तीय श्रोत परिचालन र कोष व्यवस्थापन सम्बन्धी नीति निर्माण गर्ने,

(त) बीमा व्यवसायका सम्बन्धमा समय-समयमा आवश्यक नियम, बिनियम, निर्देशिका, निर्देशन, आदेश, मापदण्ड, दिग्दर्शन, मार्गदर्शन जारी गरी लागू गर्ने,

(थ) बीमा व्यवसायको स्थायित्व र जोखिम न्यूनिकरण सम्बन्धी आधारहरु तर्जुमा गर्ने,

(द) जोखिम हस्तान्तरण, रक्षावरण एवं बीमा दावी भुक्तानी प्रणाली सम्बन्धी नीति निर्माण गर्ने,

(ध) बीमक तथा बीमित बीचकोबीमा दाबी सम्वन्धि विवादमा मध्यस्थता गर्ने,

(न) बीमक तथा बीमक बीचको व्यवसााय सम्वन्धि बिवादमा मध्यस्थता गर्ने,

(प) बीमा दायित्व निर्धारणका सम्बन्धमा बीमक विरुद्ध बीमितले दिएको उजुरीउपर निर्णय गर्ने,

(फ) बीमक, सर्भेयर, बीमा अभिकर्ता, बीमा दलाल, तेश्रो पक्ष सहजकर्ता, बीमा पुल तथा बीमा व्यवसायसंग सम्बन्धित अन्य व्यक्ति वा संस्थालाई यस ऐन बमोजिम कारवाही तथा दण्ड सजाय गर्ने,

(ब) यस ऐन अन्तर्गत अध्यक्षको अधिकार क्षेत्रभित्र पर्ने बाहेकका अरु सबै विषयमा निर्णय गर्ने,

(भ) सञ्चालक समितिमा रहेका अधिकारहरु अवधि तोकी वा नतोकी अध्यक्ष वा सञ्चालक समितिद्वारा गठित उपसमिति वा प्राधिकरणको कर्मचारीलाई प्रत्यायोजन गर्ने,

(म) यस ऐनमा संशोधन गर्नु पर्ने आवश्यकता देखिएमा सो को कारण खुलाई नेपाल सरकार समक्ष पेश गर्ने,

(य) प्राधिकरणले प्रदान गर्ने सेवा कार्यमा लाग्ने शुल्क निर्धारण गर्ने,

(र) आवश्यकता अनुरुप प्राधिकरणका क्षेत्रिय, शाखा तथा अन्य कार्यालय स्थापना र बन्द गर्ने निर्णय गर्ने,

(ल) यस ऐन बमोजिमको उदेश्य हासिल गर्नको निमित्त प्राधिकरणले गर्नु पर्ने अन्य आवश्यक कार्यहरु गर्ने, गराउने,

(२) संचालक समितिलाई यस ऐन वा अन्य प्रचलित कानूनद्वारा प्रदान गरिएको अधिकारको प्रयोग गर्दा आवश्यक पर्ने अन्य काम, कारबाही समेत गर्ने अधिकार हुनेछ ।

२५ **अध्यक्षको काम, कर्तव्य र अधिकार** : (१) यस ऐन बमोजिम नियुक्त अध्यक्ष प्राधिकरणको मुख्य प्रशासकीय अधिकारी हुनेछ ।

(२) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) संचालक समितिले गरेका निर्णयहरु कार्यान्वयन गर्ने,
(ख) प्राधिकरणको सञ्चालन तथा व्यवस्थापन गर्ने,
(ग) प्राधिकरणले गर्नु पर्ने कार्यहरु व्यवस्थित, नियमित गर्ने,
(घ) अन्तर्राष्ट्रिय संघ, संस्थामा प्राधिकरणको तर्फबाट प्रतिनिधित्व गर्ने, गराउने,
(ङ) नियमन, निरिक्षण, सुपरिवेक्षण एवं अनुगमन सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने,
(च) सर्भेयर र बीमा अभिकर्ताको इजाजतपत्र नवीकरण गर्ने,
(छ) सञ्चालक समितिद्वारा प्रत्यायोजित अधिकारको अधिनमा रही अन्य विषयमा निर्णय गर्ने, र
(ज) यस ऐन बमोजिम अध्यक्षमा निहित अधिकारहरु कुनै सदस्य, उपसमिति वा समितिका कुनै कर्मचारीलाई प्रत्यायोजन गर्ने,
(२) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता अनुरुप प्राधिकरणका अध्यक्षले प्रयोग गर्नुपर्ने अधिकार अध्यक्षमा अन्तर्निहित हुनेछ ।

२६ **प्राधिकरणका कर्मचारीहरु** : (१) सञ्चालक समितिले प्राधिकरणको काम सुचारु रुपले सञ्चालन गर्नको लागि स्तर निर्धारण गरी आवश्यक कर्मचारी नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीको सेवाको शर्त, पारिश्रमिक तथा अन्य सुविधा सञ्चालक समितिले तोकिदिए बमोजिम हुनेछ ।

(३) बीमा ऐन, २०४९ अन्तर्गत स्थापित बीमा समितिका कर्मचारीहरु स्वतः प्राधिकरणका कर्मचारी मानिनेछन् ।

२७ **पेशागत आचार संहिता र पदीय दायित्व** : (१) अध्यक्ष वा सदस्य वा यस ऐन बमोजिम गठित समिति वा उप-समितिका अध्यक्ष, सदस्य वा प्राधिकरणका कर्मचारीले आफ्नो पदमा रहुन्जेलसम्म प्राधिकरणलाई आफ्नो पेशागत सेवा पूर्णरुपमा प्रदान गर्नु पर्नेछ । प्राधिकरणले स्वीकृत गरेकोमा बाहेक प्राधिकरणका कर्मचारीले अन्य ठाउँमा पारिश्रमिक लिई वा नलिई कुनै पनि किसिमको पद ग्रहण गर्न वा नोकरी गर्न वा सेवा प्रदान गर्न पाउने छैन ।

तर प्राधिकरणका कर्मचारीले मुनाफा नकमाउने उद्देश्यले गठन भएका मेडिकल एशोसियसन, इन्जिनियर्स एशोसियसन, बार एशोसियसन, चार्टर्ड एकाउण्टेण्ट्स एशोसियसन जस्ता पेशागत तथा

व्यावसायिक संघ, संस्थामा कुनै पद ग्रहण गरी प्रदान गरेको सेवाको हकमा भने यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

(२) अध्यक्ष वा सदस्य वा यस ऐन बमोजिम गठित समिति वा उप-समितिका अध्यक्ष, सदस्य वा कर्मचारीले पदीय दायित्व निर्वाह गर्दा प्राधिकरणको हितलाई सर्वोपरी राख्नु पर्नेछ ।

(३) आफ्नो कर्तव्य पालनको सिलसिलामा कुनै किसिमको अनुचित प्रभाव पार्ने किसिमले अध्यक्ष, सदस्य यस ऐन बमोजिम गठित समिति वा उप-समितिका अध्यक्ष, सदस्य वा कर्मचारीले स्वयं वा आफ्नो पारिवारिक, व्यापारिक वा वित्तीय सम्बन्ध भएको कुनै व्यक्तिको माध्यमबाट कुनै किसिमको उपहार वा कर्जा लिन हुँदैन ।

२८ **असल नियतले गरेको काममा जवाफदेही हुन नपर्ने** :(१) यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियमको अधीनमा रही जारी गरिएका निर्देशिका, निर्देशन, आदेश, मापदण्ड, दिग्दर्शन, मार्ग निर्देशन वमोजिम असल नियतले गरेको कुनै काम कारवाहीको सम्बन्धमा अध्यक्ष, सदस्य र प्राधिकरणका कुनै कर्मचारी व्यक्तिगत र सामूहिक रुपले जवाफदेही हुने छैनन् ।

तर, जानाजान तथा गलत मनसायबाट गरिएको कुनै कामको सम्बन्धमा भने निजहरु व्यक्तिगत रुपमा जिम्मेवार हुनेछन् ।

(२) यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम वा विनियम वा सो अन्तर्गत जारी गरिएको आदेश वा निर्देशन वमोजिम असल नियतले गरेको वा गर्न खोजेको कुनै कुराले हुन आएको वा हुने हानि-नोक्सानीको सम्बन्धमा अध्यक्ष, सदस्य र प्राधिकरणका कुनै कर्मचारी विरुद्ध कुनै किसिमको मुद्दा परेमा त्यस्तो मुद्दाको खर्च प्राधिकरणले ब्यहोर्ने छ ।

तर, जानाजान तथा गलत मनसायबाट गरिएको कुनै कामको सम्बन्धमा परेको मुद्दाको खर्च प्राधिकरणले ब्यहोर्ने छैन ।

२९ **गोपनीयता** : (१) अध्यक्ष तथा सदस्य यस ऐन बमोजिम गठित समिति वा उप-समितिका अध्यक्ष, सदस्य वा प्राधिकरणका कर्मचारी, सल्लाहकार, लेखापरीक्षक, वा प्रतिनिधिले देहायको काम कुरा गर्न पाउने छैन :-

(क) पदीय रुपमा काम गर्दा प्राप्त हुन आएको कुनै प्रकाशित वा अप्रकाशित गोप्य जानकारी वा सूचना अरुलाई दिन वा सो को भेद खोल्न, वा

(ख) त्यस्तो जानकारी वा सूचना निजी लाभको लागि प्रयोग गर्न ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राधिकरणले तोकिदिएको प्रकृया अनुरुप आफूले थाहा पाएको प्रकाशित वा अप्रकाशित सूचना देहायको अवस्थामा प्रकाशमा ल्याउन सक्नेछ :-

(क) सार्वजनिक रुपमा आफ्नो कर्तव्य पालना गर्दा, कानून कार्यान्वयन गर्ने निकायलाई सहयोग गर्दा, अदालतको आदेशले वा सक्षम अधिकारीको आदेशको कारणबाट त्यस्तो सूचना प्रकाशमा ल्याएकोमा,

(ख) आफ्नो कर्तव्य पालनाको सिलसिलामा प्राधिकरणको लेखापरीक्षक, तथा अन्तर्राष्ट्रिय संघ संस्थालाई त्यस्तो सूचना दिएकोमा, र

(ग) कानूनी कारबाहीको सिलसिलामा प्राधिकरणको हितको लागी त्यस्तो सूचना प्रकाशन गरेमा ।

(३) गोपनियता तथा आचरण सम्बन्धी अन्य व्यवस्था प्राधिकरण संचालक समितिले तोके बमोजिम हुनेछ ।

३० **शपथ ग्रहण गर्ने** :प्राधिकरणमा पहिलो पटक नियुक्त हुँदा अध्यक्ष, सदस्य वा प्राधिकरणका कर्मचारी वा सल्लाहकारले आफ्नो ओहदाको काम शुरु गर्नु भन्दा अगावै तोकिए बमोजिम गोपनीयता र इमान्दारीको शपथ ग्रहण गर्नु पर्नेछ ।

३१ **निहित व्यक्तिगत स्वार्थको उपयोगमा बन्देज** : (१) अध्यक्ष वा सदस्यको पदमा नियुक्त भईसकेपछि प्रत्येक छ महिनामा अध्यक्ष र सदस्यले आफ्नो वा आफ्नो परिवारका सदस्यको प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा बीमा व्यवसायमा व्यापारिक स्वार्थ छ भने सो विषयमा सञ्चालक समितिलाई तोकिए बमोजिम जानकारी दिनु पर्नेछ ।

(२) अध्यक्ष वा सदस्यको निजी स्वार्थ भएको कुनै प्रस्ताव उपर सञ्चालक समितिमा छलफल हुने रहेछ भने सो छलफल शुरु हुनुभन्दा अगावै निजले सो बारेमा सञ्चालक समितिलाई जानकारी दिनु पर्नेछ । सो छलफलमा त्यस्तो सदस्यले भाग लिन पाउने छैन ।

(३) अध्यक्ष वा सदस्यले आफ्नो पदबाट हटेको एक वर्षसम्म कुनै बीमक वा बीमा दलालमा काम गर्न पाउने छैन ।

(४) अध्यक्षले पदमा नियुक्त भएको र पदमुक्त भएको मितिले एक महिनाभित्र आफ्नो एकाघर परिवारको सम्पत्ति विवरण सार्वजनिक गर्नु पर्नेछ ।

## परिच्छेद– ४

## सुझाव तथा अनुसन्धान सम्बन्धी व्यवस्था

३२ **सुझाव समिति** : (१) प्राधिकरणले यस ऐनको उद्देश्य प्राप्तिको लागि नीति निर्धारण गर्ने सम्बन्धमा आवश्यक सल्लाह तथा सुझाव प्राप्त गर्नका लागि प्राधिकरण अन्तर्गत देहायका सदस्यहरु रहेको सुझाव समिति गठन गर्नेछ :-

| | | |
|---|---|---|
| (क) | प्राधिकरणको अध्यक्ष | अध्यक्ष |
| (ख) | सञ्चालक समितिले तोकेको जीवन बीमा व्यवसाय गर्ने बीमकहरुको एक जना प्रतिनिधि | सदस्य |
| (ग) | सञ्चालक समितिले तोकेको निर्जीवन बीमा व्यवसाय गर्ने बीमकहरुको एक जना प्रतिनिधि | सदस्य |
| (घ) | अध्यक्षले मनोनित गरेको बीमा विज्ञ एक जना | सदस्य |
| (ङ) | प्राधिकरणको सचिव | सदस्य सचिव |

(२) अध्यक्षले आवश्यक देखेमा एक पटकमा बढिमा दुई जनालाई सुझाव समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(३) सुझाव समितिको बैठक भत्ता तथा अन्य सुविधा सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

(४) सुझाव समितिको काम, कर्त्तव्य तथा अधिकार सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

(५) सुझाव समितिको कार्यविधि सुझाव समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

३३ **अनुसन्धान समिति** : (१) प्राधिकरणले बीमा व्यवसाय अर्न्तगत सृजना भएका वा सृजना हुन सक्ने जालसाजी वा किर्ते वा ठगी सम्बन्धी दावीहरुको अध्ययन छानविन तथा अनुसन्धान गरी तत्सम्बन्धी कारवाही, सुधार वा नीति निर्माण गर्न आवश्यक राय सिफारिस गर्न प्राधिकरण अन्तर्गत देहाय बमोजिमको अनुसन्धान समिति गठन गर्नेछ ।

| | | |
|---|---|---|
| (क) | प्राधिकरणको अध्यक्ष | अध्यक्ष |
| (ख) | गृह मन्त्रालयका एक जना प्रतिनिधि | सदस्य |
| (ग) | अर्थ मन्त्रालयका एक जना प्रतिनिधि | सदस्य |
| (घ) | महान्यायाधिवक्ताको कार्यालयका एक जना प्रतिनिधि | सदस्य |
| (ङ) | नेपाल प्रहरीका एक जना प्रतिनिधि | सदस्य |
| (च) | नेपाल बीमक संघका एक जना प्रतिनिधि | सदस्य |
| (छ) | प्राधिकरणको सचिव | सदस्य सचिव |

(२) अध्यक्षले आवश्यक देखेमा एक पटकमा बढिमा दुई जनालाई अनुसन्धान समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(३) अनुसन्धान समितिको बैठक भत्ता तथा अन्य सुबिधा सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

(४) अनुसन्धान समितिको काम, कर्त्तव्य तथा अधिकार सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

(५) अनुसन्धान समितिको कार्यविधि अनुसन्धान समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद– ५

## प्राधिकरणको कोष तथा अन्य ब्यवस्था

३४ : **प्राधिकरणको कोष** : प्राधिकरणको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन् :

(क) नेपाल सरकारबाट प्राप्त रकम,
(ख) यस ऐन बमोजिम सेवा शुल्कबाट प्राप्त रकम,
(ग) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,
(घ) बीमक, बीमा अभिकर्ता, सर्भेयर, बीमा दलाल तथा तेश्रो पक्ष सहजकर्ताको दर्ता तथा नवीकरण दस्तूर आदिबाट प्राप्त रकम,
(ङ) यस ऐन बमोजिम गरिएको जरिवाना वापतको रकम,
(च) प्राधिकरणले सेवा प्रदान गरे वापत प्राप्त गर्ने अन्य रकम, र
(छ) अन्य स्रोतबाट प्राप्त रकम ।

३५ **प्राधिकरणको खर्च कोषबाट व्यहोरिने :** (१) यस ऐनको उद्देश्य प्राप्त गर्न प्राधिकरणको तर्फबाट गरिने सम्पूर्ण खर्चहरु दफा ३४ बमोजिमको प्राधिकरणको कोषमा जम्मा रहेको रकमबाट व्यहोरिनेछ ।

(२) उपदफा (१) बमोजिम गरिने खर्चको रकम तथा त्यस्तो रकम खर्च गर्ने प्रकृया प्राधिकरणले तोके बमोजिम हुनेछ ।

(३) प्राधिकरणको आफ्नो काम कारबाही वा दायित्व पूरा गर्न सहयोग हुने काम कारबाही गर्ने उद्देश्यले पूर्ण लगानी वा आंशिक लगानीमा संस्था स्थापना गर्न सक्ने छ ।

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि प्राधिकरणको काम कारबाही वा दायित्व पूरा गर्न सहयोग हुने काम कारबाही गर्न बीमा प्रतिष्ठान, जोखिम व्यवस्थापन, बीमा कोष, बीमा तालीम संचालन, बीमा सम्वन्धि प्रकाशन जस्ता कार्य गर्न प्राधिकरणले तोकेको अन्य कुनै कार्य सम्झनु पर्छ ।

३६ **सेवा शुल्क :** (१) यस ऐन बमोजिमको उद्देश्य प्राप्त गर्नका लागि नेपाल राज्यको बीमा नियमनकारी निकायको रुपमा स्थापित प्राधिकरणलाई प्रत्येक बीमकले प्रत्येक आर्थिक वर्षमा आफूले बीमा व्यवसायबाट आर्जन गरेको कूल बीमा शुल्कको एक प्रतिशतका दरले हुन आउने रकम तथा बीमा दलालले तोकिए बमोजिमको रकम बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राधिकरणलाई बुझाउने सेवाशुल्क भुक्तानी गर्ने अवधि, प्रकृया, विलम्व दस्तुर तथा अन्य ब्यवस्था प्राधिकरणले तोके बमोजिम हुनेछ ।

## परिच्छेद– ६

## प्राधिकरणको वासलात, लेखापरीक्षण तथा प्रतिवेदन

३७ **लेखा प्रणाली** : (१) प्राधिकरणले अन्तर्राष्ट्रिय प्रचलन अनुसारको लेखा प्रणाली अनुरुप कारोबार र वित्तीय अवस्था स्पष्ट देखिने गरी आफ्नो हिसाब किताब दुरुस्त राख्नु पर्नेछ ।

३८ **लेखापरीक्षण :** (१) प्राधिकरणको लेखापरीक्षण महालेखापरीक्षकले गर्नेछ ।

(२) प्राधिकरणले आफ्नो आन्तरिक लेखापरीक्षण नियमित रुपमा गर्नु पर्नेछ ।

(३) प्राधिकरणले चाहेमा बाह्य लेखापरीक्षकबाट पनि लेखापरीक्षण गराउन सक्नेछ ।

३९ **नेपाल सरकारमा प्रतिवेदन पेश गर्ने** : (१) प्राधिकरणले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र देहायका बिवरणहरु सहितको प्रतिबेदन नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ :-

(क) प्राधिकरणको आय व्यय हिसाब तथा नगद प्रबाह सम्बन्धी बिवरण,

(ख) प्राधिकरणको लेखापरीक्षण प्रतिवेदन,

(ग) प्राधिकरणको काम कारबाहीको बिवरण, र

(घ) बीमा व्यवसायको बस्तुस्थिति ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारमा पेश गरेको प्रतिवेदनहरुको संक्षिप्त बिबरण प्राधिकरणले सर्वसाधारणको जानकारीका लागि प्रकाशन गर्नेछ ।

(३) प्राधिकरणले प्रत्येक त्रैमासिक अवधि समाप्त भएको पन्ध्र दिन भित्र आफ्नो त्रैमासिक वासलात, आय व्यय हिसाब सम्बन्धी बिवरण तयार पार्नेछ ।

(४) प्राधिकरणले उपदफा (३) बमोजिम तयार गरेको बिवरण प्रत्येक त्रैमासिक अवधि समाप्त भएको तीस दिन भित्र सर्वसाधारणको जानकारीका लागि प्रकाशन गर्नेछ ।

## परिच्छेद- ७

## बीमकको संस्थापना र इजाजत पत्र सम्बन्धी व्यवस्था

४० **बीमक संस्थापना गर्न स्वीकृती लिनु पर्ने** : (१) यस ऐन बमोजिम बीमा व्यवसाय गर्नका लागि बीमक संस्थापना गर्न चाहने व्यक्तिले त्यस्तो संस्था प्रचलित कम्पनी कानून बमोजिम पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता गराई संस्थापना गर्न सक्नेछ ।

(२) दफा ४३, ४४ वा ४५ बमोजिम बीमक दर्ता गर्ने प्रयोजनको लागि सम्बन्धित व्यक्तिले त्यस्तो संस्था उपदफा (१) बमोजिम संस्थापना गर्न प्राधिकरणले तोकेको दस्तुर सहित पूर्व स्वीकृती को लागि प्राधिकरणमा निवेदन दिनु पर्नेछ ।

(३) कुनै विदेशी बीमकले आफुले संचालन गर्दै आएको किसिमको बीमा व्यवसाय गर्न शतप्रतिशत शेयर लिएको आफ्नो सहायक कम्पनी वा संयुक्त लगानीमा बीमक संस्थापना गर्न उपदफा (१) बमोजिम निवेदन दिन सक्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम पर्न आएको निवेदन साथ संलग्न कागजातको जाँचबुझ गरी प्राधिकरणले स्वीकृती दिन उपयुक्त देखेमा कुनै शर्त तोकी वा नतोकी त्यसरी निवेदन पर्न आएको एकसय बीस दिनभित्र त्यस्तो बीमक संस्थापना गर्न स्वीकृती दिनेछ ।

(५) उपदफा (४) बमोजिम स्वीकृती दिन नपर्ने अवस्था भएमा सोको कारण खुलाई प्राधिकरणले निवेदकलाई जानकारी गराउनु पर्नेछ ।

(६) उपदफा (२) वा (३) बमोजिम निवेदन दिदा देहाय बमोजिमका कागजात हरु संलग्न गर्नु पर्ने छ ।

(क) प्रस्तावित बीमकको प्रबन्धपत्र,
(ख) प्रस्तावित बीमकको नियमावली,
(ग) प्रस्तावित बीमकको सम्भाव्यता अध्ययन प्रतिवेदन,
(घ) प्राधिकरणले तोकेको ढाँचामा संस्थापकहरुको व्यक्तिगत विवरण,
(ङ) बीमक संस्थापना गर्नु अघि त्यस्तो संस्था संस्थापना गर्ने सम्बन्धमा संस्थापकहरु बीच कुनै सम्झौता भएको रहेछ भने त्यस्तो सम्झौताको प्रमाणित प्रतिलिपि र सोको सारांश,
(च) संस्थापकहरुले निवेदन दिनु भन्दा तत्काल अघिल्लो आर्थिक वर्षसम्मको कर चुक्ता गरेको प्रमाण, र
(छ) बीमक संस्थापना सम्बन्धमा प्राधिकरणले तोकेको अन्य विवरण तथा कागजात ।

४१ **पुनर्बीमक संस्थापना गर्न स्वीकृती लिनु पर्ने** : (१) यस ऐन अर्न्तगत पुर्नबीमा व्यवसाय गर्ने बीमकको रुपमा दर्ता गर्न चाहने संगठित संस्थाले दफा ४० मा उल्लिखित व्यवस्थाको अतिरिक्त थप कागजात संग्लग्न गर्नु पर्ने छ ।

(२)उपदफा (१) बमोजिम पेश गर्नुपर्ने थप कागजात तथा अन्य व्यवस्थाहरु तोकिए बमोजिम हुने छ ।

४२ **स्वीकृती दिन इन्कार गर्न सक्ने** : (१) देहायका अवस्थामा प्राधिकरणले कुनै बीमक वा पुनर्बीमकको संस्थापना गर्नका लागि स्वीकृती दिन इन्कार गर्न सक्नेछ :-

(क) प्रस्तावित बीमकको नाम पहिले नै दर्ता भई कायम रहेको कुनै बीमकको नामसंग मिल्ने भएमा,
(ख) जीवन तथा निर्जीवन बीमा दुवै व्यवसाय गर्ने गरी निवेदन दिएमा,
तर पुनर्बीमा व्यवसाय गर्ने बीमकको हकमा यो व्यवस्था लागू हुने छैन,
(ग) प्रस्तावित बीमकको नाम वा त्यसले गर्ने बीमा व्यवसाय सार्वजनिक हित, सदाचार, शिष्टाचार, धर्म, जातजाति वा सम्प्रदाय आदिको दृष्टिकोणले अनुपयुक्त वा अवान्छनीय देखिएमा,
(घ) प्रस्तावित बीमकको उद्देश्य प्रचलित कानून विपरीत भएमा,
(ङ) बीमक संस्थापना गर्न प्राविधिक दृष्टिकोणबाट अनुपयुक्त देखिएमा,
(च) प्रस्तावित बीमकले पेश गरेको सम्भाव्यता अध्ययन प्रतिवेदन, विवरण तथा कागजात र

अन्य पूर्वाधारलाई अध्ययन गर्दा बीमा व्यवसाय स्वस्थ र प्रतिस्पर्धात्मक ढंगबाट संचालन गर्ने कुरामा विश्वास गर्न नसकिने भएमा,

(छ) प्रबन्धपत्र र नियमावलीमा प्रस्तावित बीमकका सबै संस्थापकहरुले आफ्नो नाम, ठेगाना समेत खुलाई कुनै एकजना साक्षीको रोहवरमा सहीछाप गरी सो साक्षीको नाम, ठेगाना समेत नखुलाएको भएमा,

(ज) प्रस्तावित बीमकको प्रत्येक संस्थापकले सो बीमकको कम्तीमा एक सय कित्ता शेयर लिन मञ्जुर नगरेमा,

(झ) प्रस्तावित बीमकको प्रत्येक संस्थापकले प्रबन्धपत्रमा सही गर्दा आफुले लिने शेयर संख्या स्पष्ट रुपमा नखुलाएको भएमा,

(ञ) तोकिए बमोजिम दाखिला गर्नु पर्ने दस्तुर र कागजात दाखिला नभएमा,

(ट) प्राधिकरणले तोकेको संस्थापना सम्बन्धी मापदण्ड पुरा नगरेमा,

(ठ) यस ऐन बमोजिम प्राधिकरणले तोकिदिएको न्युनतम चुक्ता पूँजी भन्दा कम हुने रकम संस्थापकले तत्काल चुक्ता गर्न मन्जुर नगरेमा,

(ड) बीमा व्यवसायका अतिरिक्त अन्य व्यवसाय समेत गर्ने देखिएमा,

(ढ) अन्य कारणले अनुपयुक्त देखिएमा, र

(ण) प्रस्तावित बीमकको संस्थापकहरुले तत्काल चूक्ता गर्न कवुल गरेको पूँजीको पन्ध्र प्रतिशत वा सो भन्दा बढि शेयर एउटै व्यक्ति, परिवार, संस्था वा समूहको स्वामित्वमा रहने भएमा ।

(२) उपदफा (१) मा उल्लिखित कुनै अवस्था परी प्रस्तावित बीमकको संस्थापना गर्नका लागि स्वीकृती दिन नमिल्ने अवस्थामा प्राधिकरणले निवेदकलाई सो कुराको जानकारी दिनेछ ।

४३ **बीमकको दर्ता** : (१) यस ऐन बमोजिम प्रमाणपत्र पत्र प्राप्त बीमक बाहेक अन्य कसैले बीमा,बीमा पुल, राहत, सुरक्षण जस्ता शब्दहरु प्रयोग गरी वा नगरी बीमा व्यवसायको क्षेत्रभित्र पर्ने कुनै पनि कारोवार गर्न पाउने छैन ।

(२) यस ऐन बमोजिम संस्थापित बीमकले यस ऐन बमोजिम प्रमाणपत्र नलिई बीमाको कारोवार गर्नु गराउनु हुँदैन ।

(३) यस ऐनको दफा ४० बमोजिम संस्थापनाको लागि स्विकृती प्राप्त संस्थाले प्रमाणपत्रको लागि प्राधिकरणले तोकिदिएको ढाँचामा देहायका विवरण तथा कागजात समेत संलग्न गरी प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ ।

(क) संस्थाको प्रबन्धपत्र, नियमावली तथा बीमक संस्थापना भएको प्रमाणपत्रको प्रतिलिपि,

(ख) संस्थाले बीमा व्यवसाय संचालन गर्न आवश्यक सबै पूर्वाधार तयार भएको कार्यालय भवनको विवरण वा भवन भाडामा लिने भए बहाल सम्बन्धी सम्झौताको प्रतिलिपि र भाडामा लिने भवनको विवरण,

(ग) संस्थाको कार्यकारी प्रमुख तथा अन्य कार्यकारी तहका पदाधिकारीको व्यक्तिगत विवरण,

(घ) संस्थाको संगठनात्मक संरचना,

(ङ) संस्थाको कर्मचारी सेवा शर्त र सुविधा सम्बन्धी विनियम,

(च) संस्थाको लगानी नीति,

(छ) संस्थाको आर्थिक प्रशासन सम्बन्धी विनियम,

(ज) बीमा जोखिम धारण सम्बन्धी व्यवस्था,

(झ) प्रस्तावित बीमालेखहरु,
तर पुनर्बीमकको हकमा प्रस्तावित पुनर्बीमा करारका व्यवस्थाहरु

(ञ) बीमकको संस्थापकले लिन कबूल गरेको शेयरको रकम चुक्ता भई प्राधिकरणले तोके बमोजिम बैंक खातामा जम्मा गरेको प्रमाणित हुने कागजात,

(ट) प्राधिकरणले तोकिदिएको मापदण्डमा उल्लेखित व्यवस्थाहरु पुरा भएको प्रमाणित हुने कागजात, र

(ठ) प्राधिकरणले तोकिदिएका अन्य बिबरण तथा कागजात ।

(४) बीमा व्यवसाय गर्ने प्रमाणपत्र लिनका लागि प्राधिकरण समक्ष निवेदन दिने संस्थाले देहायका बिषयमा प्रतिबद्धता व्यक्त गर्नु पर्नेछ :-

(क) बीमा व्यवसाय संचालन गरुन्जेल प्राधिकरणले समय समयमा तोकिदिए बमोजिमको पूँजी कायम राख्ने,

(ख) संस्था संचालन गर्न आवश्यक पूर्वाधार तयार गरी सेवा तथा सुविधा प्रदान गर्न सक्ने पर्याप्त आधार रहने,

(ग) संस्थाले बीमा व्यवसाय संचालन गर्नका लागि प्रस्ताव गरेको बीमा व्यवसाय तथा कारोबार संचालन सम्बन्धी व्यवस्थाबाट बीमा व्यवसाय नियमित रुपमा संचालन भई बीमितको हक हित संरक्षण हुने,

(घ) यस ऐन बमोजिम बीमा व्यवसाय संचालन गर्न आवश्यक मानव संशाधन रहेको र त्यस्तो मानव संशाधन निरन्तर रहने,

(ङ) संस्थाले आफ्नो, आफ्नो सस्थापक, संचालक, कर्मचारी वा संस्थाको चुक्ता पूँजीको एक प्रतिशत वा सो भन्दा बढी शेयर लिएको ब्यक्ति वा निजहरुको नजिकको परिवारको सदस्य वा संस्थाको संचालक मनोनित वा नियुक्त गर्ने अधिकार पाएको फर्म, कम्पनी वा संस्थाको संचालकको बित्तीय स्वार्थ भएको वा आफ्नो संचालक म्यानेजिङ्ग एजेन्ट वा हिस्सेदार वा संचालक भएको फर्म वा संस्थाको कुनैपनि प्रकारको बीमा नगर्ने, र

(च) बीमा व्यवसाय गर्नका लागि प्राधिकरणले तोकेका अन्य शर्तहरु पालना गर्ने ।

(५) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएमा बीमा व्यवसाय संचालन गर्न आवश्यक भौतिक पूर्वाधारका अतिरिक्त देहायका कुरामा आवश्यक जाँचबुझ गर्दा प्राधिकरण सन्तुष्ट भएमा तोकिए बमोजिमको दस्तुर लिई संस्थाको नाम बीमकको रुपमा तोकिएको दर्ता किताबमा दर्ता गरी दफा ५७ मा उल्लिखित कुनै एक किसिमको बीमा व्यवसाय गर्न पाउने गरी तोकिए बमोजिमको ढाँचामा बीमकको प्रमाणपत्र दिन सक्नेछ :

(क) बीमा व्यवसाय गर्न प्रमाणपत्र दिंदा स्वस्थ प्रतिस्पर्धात्मक रुपमा बीमा व्यवसाय संचालन भई बीमितको हित हुने,

(ख) यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, विनियम वा सो अन्तर्गत जारी भएका आदेश वा निर्देशन तथा संस्थाको प्रबन्धपत्र र नियमावलीका अधीनमा रही बीमा व्यवसाय संचालन गर्न संस्था सक्षम रहेको,

(६) उपदफा (५) बमोजिम प्रमाणपत्र प्राप्त बीमकले प्राधिकरणको स्विकृति लिएर क्षेत्रिय, शाखा, उपशाखा, सम्पर्क तथा अन्य कार्यालय स्थापना गर्न सक्ने छ ।

(७) उपदफा (६) बमोजिम कार्यालय स्थापनाको लागि निवेदन प्राप्त भएमा प्राधिकरणले त्यस्तो निवेदन उपर छानविन गरी कार्यालय स्थापना गर्न स्विकृती दिनु पर्नेछ र स्वीकृती दिन नमिल्ने भएमा सो को जानकारी सम्बन्धित बीमकलाई गराउनु पर्ने छ ।

(८) उपदफा (६) बमोजिम कार्यालय स्थापना गर्न आवश्यक कागजात र कार्यविधि प्राधिकरणले तोकिदिए बमोजिम हुनेछ ।

४४ **विदेशी बीमकले कार्यालय खोल्ने सम्बन्धी विशेष व्यवस्था** : (१) कुनै विदेशी बीमकले नेपाल भित्र आफ्नो शाखा कार्यालय खोल्न चाहेमा यस ऐन बमोजिम तोकिएको विवरण र दस्तुर सहित प्राधिकरणमा निवेदन दिनु पर्नेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको निवेदन प्राप्त हुन आएमा प्राधिकरणले बीमा क्षेत्रमा विद्यमान प्रतिस्पर्धा, विदेशी बीमकले नेपालको बीमा व्यवसाय विकासमा पुऱ्याउन सक्ने योगदान र त्यस्तो विदेशी बीमकको ख्याति र प्रतिष्ठा

समेतलाई विचार गरी त्यस्तो बीमकलाई नेपालमा आफ्नो कार्यालय स्थापना गरी बीमा व्यवसाय गर्ने इजाजतपत्र दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम इजाजतपत्र प्रदान गर्दा प्राधिकरणले आवश्यकता अनुसार शर्तहरु तोक्न सक्नेछ र यसरी तोकेका शर्तहरु पालना गर्नु सम्बन्धित विदेशी बीमकको कर्तव्य हुनेछ ।

(४) उपदफा (२) बमोजिम इजाजतपत्रप्राप्त गरी संस्थापना हुने विदेशी बीमकलाई बीमा व्यवसायका सम्बन्धमा यस ऐनको व्यवस्था लागू हुनेछ ।

(५) यस दफा बमोजिम नेपालमा बीमा व्यवसाय गर्ने गरी आफ्नो कार्यालय खोल्न स्वीकृति पाएको विदेशी बीमकलाई नेपाल भित्र संयुक्त लगानीमा अर्को बीमक संस्थापना गर्न स्वीकृति दिइने छैन ।

४५ **पुनर्बीमकको दर्ता** : (१) यस ऐन अर्न्तगत पुनर्बीमा ब्यवसाय गर्न चाहने संगठित सस्थाले दफा ४३ मा उल्लिखित कागजातका अतिरिक्त थप कागजात संग्लग्न राखी निवेदन दिनु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम पेश गर्नुपर्ने थप कागजात तथा इजाजतपत्र सम्वन्धि अन्य व्यवस्था प्राधिकरणले तोके बमोजिम हुने छ ।

(३) पुनर्बीमा व्यवसाय गर्ने बीमकको दर्ता सम्बन्धी अन्य व्यवस्था दफा ४३ बमोजिम हुनेछ ।

४६ **बीमा प्राधिकरणले शर्त तोक्न सक्ने** : (१) दफा ४३, ४४ वा ४५ बमोजिम बीमा व्यवसाय गर्ने इजाजतपत्र प्रदान गर्दा विद्यमान बीमकको अवस्था, बीमा व्यवसायको संचालन तथा बीमितको हितलाई ध्यानमा राखी बीमा प्राधिकरणले आवश्यक शर्त तोक्न सक्नेछ । यस्तो शर्तको पालना गर्नु सम्बन्धित बीमकको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको शर्तमा प्राधिकरणले आवश्यकता अनुसार बीमकको अवस्था, बीमा व्यवसायको स्वस्थ संचालन तथा बीमितको हितलाई ध्यानमा राखी थपघट तथा हेरफेर गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको व्यवस्था यस ऐन लागू हुन पूर्व दर्ता भई बीमा व्यवसाय गर्ने बीमको हकमा समेत लागू हुनेछ ।

४७ **बीमकको प्रमाणपत्र नवीकरण सम्बन्धी ब्यवस्था** : (१) बीमकको प्रमाणपत्रको अवधि प्रत्येक बर्ष चैत्र मसान्त सम्मको लागि हुनेछ ।

(२) बीमकले आफ्नो प्रमाणपत्र नवीकरणको लागि प्रत्येक वर्ष फागुन मसान्तसम्ममा तोकिएको दस्तूर सहित तोकिएको ढांचामा प्राधिकरणमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि निवेदन दिने बीमकको प्रधान कार्यालय नेपाल बाहिर भए त्यस्तो विदेशी बीमकले आफ्नो मुलुकको नियमनकारी निकायबाट सो मुलुकको प्रचलित कानून बमोजिम बीमा व्यवसाय गर्न प्राप्त गरेको प्रमाणपत्र नवीकरण गरेको निस्सा समेत संलग्न गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएपछि प्राधिकरणले बीमकको प्रमाणपत्र नवीकरण गरी दिन सक्नेछ ।

(५) उपदफा (२) बमोजिमको म्याद भित्र कुनै बीमकले प्रमाणपत्र नवीकरणको लागि निवेदन दिन नसकेमा सोको कारण खुलाई म्याद समाप्त भएको मितिले पन्ध्र दिन भित्र प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम प्राप्त निवदेनको कारण मनासिब देखेमा प्राधिकरणले त्यस्तो बीमकको दर्ताको प्रमाण पत्र नवीकरण गरी दिन सक्नेछ ।

४८ **बीमकको दर्ताको प्रमाण पत्र नवीकरण हुन नसक्ने अवस्था** : (१) दफा ४७ मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको कुनै अवस्थामा प्राधिकरणले बीमकको दर्ताको प्रमाण पत्र नवीकरण गर्ने छैन :-

(क) दफा ३६ बमोजिम सेवा शुल्क नबुझाएमा,
(ख) दफा ४९ बमोजिम रोक लगाइएकोमा,
(ग) दफा ६६ को व्यवस्था उल्लघंन गरेमा,
(घ) दफा ६७ को व्यवस्था उल्लघंन गरेमा,
(ङ) दफा ६८ को व्यवस्था उल्लघंन गरेमा,
(च) दफा ७६ को व्यवस्था उल्लघंन गरेमा,

(२) उपदफा (१) बमोजिमको कुनै अवस्था परी बीमकको दर्ताको प्रमाण पत्र नवीकरण हुन नसक्ने स्थिति सृजना भएमा प्राधिकरणले बीमकलाई सो कुराको सूचना त्यस्तो स्थिति सृजना भएको पन्ध्र दिन भित्र दिनु पर्नेछ ।

(३) बीमकले दफा ३६, ६६, ६७ र ७६ बमोजिम आफूले पुरा गर्नु पर्ने दायित्व समयमा पुरा गर्न नसकेको मनासिब माफिकको कारण खुलाई उपदफा (२) बमोजिमको सूचना प्राप्त भएको मितिले पन्ध्र दिन भित्र प्राधिकरण समक्ष निवेदन दिएमा प्राधिकरणले कारण मनासिब देखेमा त्यस्तो दायित्व पूरा गर्न बढीमा एक महिनासम्मको म्याद थप दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राधिकरणले तोकेको अवधि भित्र दफा दफा ३६, ६६, ६७ र ७६ बमोजिम पुरा गर्नु पर्ने दायित्व पुरा गर्ने बीमकलाई दफा १०६ को उपदफा (९) खण्ड (ग) वमोजिम जरिवाना गरी प्राधिकरणले बीमक दर्ताको प्रमाणपत्र नवीकरण गरि दिन सक्नेछ ।

(५) उपदफा (३) बमोजिमको अवधिभित्र बीमकले दफा ३६, ६६, ६७ र ७६ बमोजिम पुरा गर्नु पर्ने दायित्व पुरा नगरेमा त्यस्तो बीमकलाई प्राधिकरणले दफा ४९ बमोजिम बीमा व्यवसायमा रोक लगाउन वा दफा ९७ बमोजिम बीमकको व्यवस्थापन प्राधिकरणले नियन्त्रणमा लिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिमको कारबाहीमा परेको बीमकले दफा ३६, ६६, ६७ र ७६ बमोजिम पूरा गर्नु पर्ने दायित्व पुरा गरेमा त्यस्तो बीमकलाई दफा १०६ को उपदफा (९) खण्ड (घ) वमोजिम जरिवाना गरी प्राधिकरणले बीमक दर्ताको प्रमाणपत्र नवीकरण गरी दिन सक्नेछ ।

(७) उपदफा (५) बमोजिमको कारबाहीमा परेको बीमकले दफा ३६, ६६, ६७ र ७६ बमोजिम पूरा गर्नु पर्ने दायित्व पुरा नगरेमा त्यस्तो बीमकलाई प्राधिकरणले दफा ५० बमोजिम दर्ता खारेजी गर्न सक्नेछ ।

४९ **इजाजतपत्र प्राप्त बीमकलाइ बीमा व्यवसाय गर्न रोक लाग्ने** : (१) देहायको कुनै अवस्थामा बीमकको बीमा व्यवसाय गर्ने इजाजत वा आर्थिक कारोवारमा आंशिक वा पूर्ण रुपमा रोक लगाउने गरी प्राधिकरणले निर्णय गर्न सक्नेछ :-

(क) यस ऐन बमोजिम प्राधिकरणले तोकेको अवधिभित्र तोकेबमोजिमको पुँजी नपुऱ्याएमा,

(ख) तीन वर्षदेखि लगातार नोक्सानीमा रहेमा,

(ग) प्राधिकरणले दिएको निर्देशन पटकपटक उल्लंघन गरी कारबाहीमा परेमा,

(घ) दफा ५२ वा ५३ बमोजिम कोष नराखेमा,

(ङ) दफा ५४ बमोजिम सोल्भेन्सी मार्जिन कायम नगरेमा,

(च) दफा ५५ वा ५६ को व्यवस्था उल्लघंन गरेमा,

(छ) दफा ६० बिपरित बीमालेख जारी गरेमा ।

(ज) दफा ६३,६४,७० वा ८६ बिपरित कार्य गरेमा ।

(२) उपदफा (१) बमोजिम रोक लगाउनु अघि प्राधिकरणले संबन्धित बीमकलाई रोक लगाउनु परेको कारण खोली स्पष्टीकरण पेश गर्ने मनासिब समय दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको समयभित्र संबन्धित बीमकले स्पष्टीकरण पेश नगरेमा वा गरे पनि निजले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएमा प्राधिकरणले उपदफा (१) बमोजिम त्यस्तो बीमकको बीमा व्यवसाय वा आर्थिक कारोवारमा रोक लगाई सोको सूचना नेपालबाट प्रकाशित हुने दुई मुख्य पत्र पत्रिकामा सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम कुनै बीमकको बीमा व्यवसाय वा आर्थिक कारोवारमा रोक लगाइएको समयावधिमा बीमकले आफू उपर पर्न आएको क्षतिपूर्तिको दाबी भुक्तानी तोकिए बमोजिम गर्नु पर्नेछ ।

(५) उपदफा (१),(२),(३) र (४) मा लेखिए बमोजिम रोक लगाइएकोमा त्यस्तो रोक लगाई रहनु पर्ने अवस्था विद्यमान नरहेको भनी तोकिएको समय भित्र बीमकले पेश गरेको प्रमाण सन्तोषजनक देखिएमा यस ऐन बमोजिम जरिवाना गरी लगाइएको रोक फुकुवा गर्न सक्नेछ ।

स्पष्टीकरण : यस ऐनको प्रयोजनको लागि– "पूर्ण रोक" भन्नाले बीमकले गर्ने सम्पूर्ण बीमा व्यवसाय वा आर्थिक कारोवार संचालन गर्न नपाउने गरी लगाइएको रोक सम्झनुपर्छ ।

"आंशिक रोक" भन्नाले बीमकले गर्ने बीमा व्यवसाय वा आर्थिक कारोवारमध्ये कुनै एक वा एकभन्दा बढी कारोवार संचालन गर्न नपाउने गरी लगाइएको रोक सम्झनु पर्छ ।

५० **बीमकको दर्ता खारेजी** : (१) प्राधिकरणले देहायको कुनै अवस्थामा यस ऐन बमोजिम बीमकले बीमा व्यवसाय संचालन गर्न प्राप्त गरेको इजाजतपत्र खारेज गर्न सक्नेछ :-

(क) जीवन बीमा व्यवसाय गर्ने बीमक बाहेक अन्य बीमकले दफा १०७ बमोजिम प्राधिकरण समक्ष लिखित अनुरोध गरेमा,

(ख) इजाजतपत्रप्राप्त गरेको मितिले छ महिनाभित्र बीमा व्यवसाय नगरेमा,

(ग) बीमकको दायित्व निजको सम्पत्ति भन्दा बढि छ भन्ने पुष्टि हुन आएमा,

(घ) नेपालभित्र जारी गरिएको बीमालेख अन्तर्गत मुद्दा परी अदालतबाट अन्तिम किनारा भएको तीन महिना सम्म पनि बीमकले फैसला बमोजिमको दायित्व पुरा नगरेमा,

(ङ) नेपाल भित्र कार्यालय स्थापना नगरी बीमा व्यवसाय सञ्चालन गरेमा,

(च) लगातार एक महीना भन्दा बढी अवधिसम्म बीमा व्यवसाय गर्न बन्द गरेमा,

(छ) बीमितको हक हित विपरित हुने गरी पटक पटक बीमा व्यवसाय संचालन गरेमा,

(ज) यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमको पटक पटक उल्लंघन गरेमा,

(झ) प्राधिकरणले तोकिदिएको शर्त पटक पटक उल्लंघन गरेमा,

(ञ) प्राधिकरणले दिएको आदेश वा निर्देशनको पटक पटक पालना नगरेमा,

(ट) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेमा,

(ठ) झुठो विवरण पेश गरी बीमकले इजाजतपत्र प्राप्त गरेको पाइएमा,

(ड) इजाजतपत्र प्राप्त बीमक अन्य बीमकमा गाभिएमा, र

(ढ) इजाजतपत्र प्राप्त बीमकको सवै व्यवसाय अन्य बीमकमा हस्तान्तरण गरिएमा ।

(२) उपदफा (१) को खण्ड (क) बमोजिम बीमकले आफ्नो इजाजतपत्र खारेज गर्न बीमा प्राधिकरण समक्ष रीतपूर्वक निवेदन दिएमा त्यस्तो निवेदन दिएको पैंतालिस दिन भित्र प्राधिकरणले सो उपर निर्णय गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निर्णयको लिखित सूचना र त्यस्तो निर्णयको आधार सम्बन्धित बीमकलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) यस दफा बमोजिम इजाजतपत्र रद्द गर्ने निर्णय गरेकोमा सो को सूचना प्राधिकरणले सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

## परिच्छेद-८

## बीमकको पूँजी तथा कोष सम्बन्धी व्यवस्था

५१ **पूँजी कायम गर्नु पर्ने** : (१) बीमकले पर्याप्त पूँजी कायम नगरी व्यवसाय सञ्चालन गर्नु हुदैन ।

(२) बीमकको न्यूनतम चुक्ता पूँजी तथा पूँजी सम्बन्धी अन्य व्यवस्था प्राधिकरणले समय समयमा तोके बमोजिम हुनेछ ।

(३) यस ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका बीमकहरुले प्राधिकरणले तोकेको समय भित्र उपदफा (२) बमोजिमको पूँजी कायम गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम तोकिएको पूँजी बीमकले नपुऱ्याएसम्म त्यस्तो बीमकको बीमा व्यवसायमा प्राधिकरणले पूर्ण वा आंशिक रोक लगाउन सक्नेछ ।

५२ **बीमा कोष** : (१) बीमकले प्रत्येक बीमा व्यवसायको लागि तोकिए बमोजिम छुट्टाछुट्टै बीमाकोष राख्नु पर्नेछ ।

(२) एउटा बीमा व्यवसायको निमित्त राखिएको कोषबाट अर्को बीमा व्यवसाय सम्बन्धी दायित्व व्यहोर्न पाइने छैन ।

५३ **अनिवार्य जगेडा** : (१) बीमकले आफ्नो बीमा व्यवसाय संबन्धी दायित्वको बहन गर्न तोकिए बमोजिमको अनिवार्य जगेडा राख्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बीमकले आफ्नो व्यवसाय संचालनको लागि आवश्यक पर्ने साधारण जगेडा कोष स्थापना गर्न सक्नेछ ।

५४ **सोल्भेन्सी मार्जिन कायम गर्नु पर्ने** :(१) बीमकको आर्थिक सक्षमता कायम गर्नका लागि सोल्भेन्सी मार्जिन राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राख्नु पर्ने सोल्भेन्सी मार्जिनको लागि बीमकको कूल सम्पत्ति र कूल दायित्वको अनुपात एक दशमलव पच्चिस भन्दा घटि हुनु हुँदैन ।

(३) उपदफा (२) को प्रयोजनको लागि बीमकको कूल सम्पत्ति तथा कूल दायित्वको गणना तोकिए बमोजिम गर्नुपर्नेछ ।

(४) यो ऐन प्रारम्भ हुनु भन्दा अगाडि देखि बीमा व्यवसाय गर्दै आएका बीमकले तोकिएको अवधि भित्र तोकिए बमोजिम उपदफा (१) बमोजिमको अनुपात कायम गर्नु पर्नेछ ।

(५) सोल्भेन्सी मार्जिन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) यस दफा बमोजिम तोकिएको सोल्भेन्सी माजिन कायम नगर्ने बीमकको बीमा व्यवसायमा प्राधिकरणले पूर्ण रोक लगाउन सक्नेछ ।

५५ **संचालकलाई ऋण, जमानत तथा सुरक्षण दिन नहुने** : बीमक वा दलालले आफ्नो संचालक वा निजका परिवार वा निज मेनेजिङ्ग एजेण्ट भएको वा हिस्सेदार भएको कुनै पनि संगठित संस्थालाई ऋण दिन वा कसैले ऋण दिंदा कुनै किसिमको जमानत वा सुरक्षण दिन हुँदैन

तर यो ऐन लागू हुनु पूर्व बीमकले जारी गरेको जीवन बीमालेखको व्यवस्था बमोजिम दिएको ऋणमा यो प्रावधान लागू हुने छैन ।

५६ **तोकिए बमोजिम लगानी गर्नु पर्ने** : (१) बीमक वा बीमा दलालको संचालक समितिको कुनै पनि सदस्य संचालक भएको वा त्यस्तो सदस्यको वित्तीय स्वार्थ निहित भएको कुनै पनि संगठित संस्थामा बीमक वा बीमा दलालले कुनै पनि किसिमको लगानी गर्न पाउने छैन ।

(२) बीमक वा बीमा दलालले लगानी गर्नु पर्ने क्षेत्र तथा सो सम्बन्धी अन्य व्यवस्थाहरु प्राधिकरणले तोकिदिए बमोजिम हुनेछ ।

(३) बीमक वा बीमा दलालले लगानी गर्दा उपदफा (२) बमोजिम प्राधिकरणबाट तोकिएको क्षेत्र र व्यवस्थाको पालना गर्नु पर्नेछ ।

## परिच्छेद-९

## बीमा व्यवसाय संचालन सम्बन्धी व्यवस्था

५७ **बीमा व्यवसायको किसिमः** (१) यस ऐन बमोजिम बीमकले गर्ने बीमा व्यवसायको किसिम देहाय बमोजिम हुनेछ :-

(क) जीवन बीमा व्यवसाय,

(ख) निर्जीबन बीमा व्यवसाय,

(ग) पुनर्बीमा व्यवसाय

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएता पनि प्राधिकरणले आवश्यकता अनुसार बीमा व्यवसायको थप किसिम तोक्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम बीमकले गर्ने बीमा व्यवसायको प्रकार र क्षेत्र प्राधिकरणले तोकिदिए बमोजिम हुनेछ ।

(४) बीमकले यस ऐन बमोजिम प्रमाण पत्र प्राप्त गर्दा स्वीकृती प्राप्त बीमा व्यवसायका प्रकारको अतिरिक्त थप बीमा व्यवसाय गर्न चाहेमा प्राधिकरणको स्वीकृती लिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम थप बीमा व्यवसाय गर्नका लागि प्राधिकरणले तोकिदिएको पूँजी सम्बन्धी व्यवस्था, मापदण्ड तथा अन्य आधारहरु पुरा गर्नु पर्नेछ ।

५८ **जीवन बीमा व्यवसाय** : (१) जीबन बीमा व्यवसायको प्रकार देहाय बमोजिम हुने छ :-

(क) आजीवन जीवन बीमा,

(ख) सावधिक जीवन बीमा,

(ग) म्यादी जीवन बीमा,

(घ) पेन्सन बीमा,

(ङ) एन्युटी बीमा र

(च) प्राधिकरणले तोकिदिएको अन्य जीवन बीमा व्यवसाय ।

(२) जीवन बीमा व्यवसाय गर्ने बीमकले यस ऐनको अधिनमा रही जीवन बीमा तर्फको पुनर्वीमा स्वीकार गर्न सक्ने छ ।

५९ **निर्जीवन बीमा व्यवसाय :** (१) निर्जीबन बीमा व्यवसायको प्रकार देहाय बमोजिम हुने छ :-

(क) अग्नी बीमा,

(ख) सामुद्रिक बीमा,

(ग) मोटर बीमा,

(घ) हवाई बीमा,

(ङ) इन्जिनियरिङ्ग तथा ठेकेदार जोखिम बीमा,

(च) लघु बीमा

(छ) विविध बीमा, र

(ज) प्राधिकरणले तोकिदिएको अन्य निर्जीवन बीमा व्यवसाय ।

(२) निर्जीवन बीमा व्यवसाय गर्ने बीमकले यस ऐनको अधिनमा रही निर्जीवन बीमा तर्फको पुनर्वीमा स्वीकार गर्न सक्ने छ ।

६० **बीमा करार सम्वन्धी व्यवस्था** : (१) बीमकले यस ऐन बमोजिम बीमा गर्दा प्राधिकरणबाट स्वीकृत बीमालेख जारी गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बीमालेख जारी गर्नु पूर्व बीमकले बीमितको तर्फबाट तोकिए बमोजिमको प्रस्ताव प्राप्त गर्नु पर्नेछ ।

(३) बीमा करार सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६१ **बीमा गर्न नपाउने** : (१) बीमकले आफ्नो, आफ्नो संस्थापक, संचालक, कर्मचारी वा बीमकको चुक्ता पूँजीको एक प्रतिशत वा सो भन्दा बढी शेयर लिएको व्यक्ति वा निजहरुको नजिकको परिवारको सदस्य वा बीमकको संचालक मनोनित वा नियुक्त गर्ने अधिकार पाएको फर्म, कम्पनी वा संस्थाको वा बीमकको संचालकको बित्तीय स्वार्थ भएको वा आफ्नो संचालक म्यानेजिङ्ग एजेन्ट वा हिस्सेदार वा संचालक भएको फर्म वा संस्थाको कुनैपनि प्रकारको बीमा आफैले गर्नु हुंदैन ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत बीमकले उपदफा (१) बमोजिमको व्यक्ति वा संस्थाको सम्पत्ति वा दायित्वको बीमा गरेको भए बीमकले त्यस्तो बीमाको नवीकरण गर्नु हुंदैन ।

६२ **बीमक बाहेक अन्य कसैसंग बीमा व्यवसाय संबन्धी कारोबार गर्न नहुने :-** यस ऐन बमोजिम इजाजतपत्र प्राप्त बीमक बाहेक अन्य कुनै व्यक्ति वा संस्थासंग नेपालभित्र रहेका कुनै पनि व्यक्ति वा संस्थाले बीमा व्यवसाय सम्बन्धी कारोवार गर्नु गराउनु हुँदैन ।

६३ **बीमाशुल्क भुक्तानी हुनु पर्ने** : (१) बीमकले बीमा व्यवसाय गर्दा तोकिए बमोजिम बीमाशुल्क प्राप्त नभएसम्म बीमालेख जारी गर्न वा बीमा जोखिम स्वीकार गर्नु हुदैन । बीमकले बीमाशुल्क प्राप्त गरेपछि मात्र बीमा करार भएको मानिने छ ।

(२) बीमाशुल्क बुझाउने अवधि, प्रकृया तथा अन्य ब्यवस्था प्राधिकरणले तोके बमोजिम हुनेछ ।

६४ **बीमकले गर्न नहुने काम** : (१) बीमकले देहायका काम गर्नु गराउनु हुँदैनः-

(क) व्यापार गर्ने उद्देश्यले कुनै मालसामान वा अचल सम्पत्ति खरिद बिक्री गर्न ।

तर, बीमकले आफ्नो व्यवसाय संचालन गर्ने सम्बन्धमा घर जग्गाको खरिद, बिक्री गर्ने सम्बन्धमा यस खण्डले बाधा पुऱ्याएको मानिने छैन ।

(ख) जीवन बीमालेख बमोजिम बीमितलाई दिईने ऋण बाहेक कुनै किसिमको कर्जा दिन ।

तर बीमकको कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावलीमा व्यवस्था भए वमोजिम त्यस्ता कर्मचारीहरुलाई ऋण दिन तथा वहालवाला बीमा अभिकर्तालाई ऋण दिन यस ब्यवस्थाले बाधा पुऱ्याउने छैन ।

(ग) बीमक वा बीमा दलालको धितोपत्रमा लगानी गर्न,

तर समितिको स्विकृति लिई एक किसिमको बीमा ब्यवसाय गर्ने बीमकले अर्को किसिमको बीमा ब्यवसाय गर्ने बीमकको धितोपत्र खरिद गर्न यस व्यवस्थाले प्रतिकुल असर पार्ने छैन ।

(घ) बीमकहरु आपसमा मिली बीमा व्यवसायमा कुनै किसिमको एकाधिकार वा अन्य कुनै किसिमको नियन्त्रित रुपको काम कारवाही गर्न,

(ङ) बीमा क्षेत्रको प्रतिस्पर्धात्मक वातावरणमा कृत्रिम अबरोध खडा हुने कुनै पनि किसिमको काम गर्न,

(ड) बीमकले गर्न नहुने भनी प्राधिकरणल तोकेका अन्य कार्य गर्न ।

(२) गैरकानूनी रुपबाट रकम आर्जन गरी बीमा गर्ने कुनै पनि व्यक्तिलाई कानूनी कारबाहीबाट बचाउनका लागि बीमकले त्यस्तो बीमा लुकाउन, परिवर्तन गर्न, भुक्तानी गर्न वा सोको उत्पत्ति वा स्रोत सम्बन्धी जानकारी लुकाउने वा ढाँट्ने वा सोको लागि कुनै किसिमको सहयोग गर्नु हुँदैन । यस्तो कार्य गरेको जानकारी प्राप्त हुन आएमा वा त्यस्तो कार्य भए गरेको शंका लागेमा बीमकले सोको विवरण प्राधिकरणमा तुरुन्त उपलब्ध गराउनु पर्नेछ ।

६५ **बीमक जिम्मेवार हुने** : (१) बीमकको कर्मचारी, बीमा अभिकर्ता, तेस्रो पक्ष सहजकर्ता वा सर्भेयरले बीमालेख लिनेको हकहित विरुद्ध कुनै काम गरी हानी नोक्सानी पुऱ्याएमा त्यसको जिम्मेवार बीमक हुनेछ ।

(२) उपदफा (१) बमोजिम बीमकको कर्मचारी, बीमा अभिकर्ता, तेस्रो पक्ष सहजकर्ता वा सर्भेयरले बीमालेख लिनेको हकहित विरुद्ध कुनै काम गरी हानी नोक्सानी पुऱ्याएमा पिडितले प्राधिकरण मा तोकिएको अवधि भित्र उजुरीगर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम उजुरीपरेमा प्राधिकरणले उक्त उजुरीउपर आवश्यक छानबीन गरी संबन्धित बीमकलाई सो सम्बन्धमा सफाई पेश गर्न मनासिब मौका दिनेछ ।

(४) उपदफा (३) बमोजिम बीमकले पेश गरेको सफाई मनासिब देखिएमा प्राधिकरणले त्यस्तो उजुरी कारण खोली खारेज गर्न वा सफाई मनासिब नदेखिएमा सम्बन्धित बीमकलाई क्षतिपूर्ति भुक्तानी दिन आदेश दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम सम्बन्धित व्यक्तिले क्षतिपूर्ति पाउने गरी प्राधिकरणबाट निर्णय भएमा प्राधिकरणमा उजुरी परेको मितिदेखि तोकिएको प्रतिशत बमोजिम ब्याज रकम तथा कानूनी उपचार खर्च समेत बीमकले सम्बन्धित व्यक्तिलाई भुक्तानी दिनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम निवेदकले क्षतिपूर्ति पाउने गरी प्राधिकरणबाट भएको निर्णय बिरुद्ध पुनरावेदन परी अन्तिम किनारा हुँदा बीमकले क्षतिपूर्ति भुक्तानी गर्नु पर्ने देखिएमा प्राधिकरणमा उजुरी परेको मितिदेखि भुक्तानी हुने मितिसम्म तोकिएको प्रतिशत बमोजिम ब्याज रकम तथा कानूनी उपचार खर्च समेत बीमकले सम्बन्धित व्यक्तिलाई भुक्तानी दिनु पर्नेछ ।

६६ **बीमाङ्कीद्वारा मूल्याङ्कन गराउनु पर्ने** : (१) जीवन बीमा व्यवसाय गर्ने बीमकले प्रत्येक आर्थिक बर्ष आफ्नो आर्थिक स्थितिको लेखाजोखा र दायित्वको मूल्याङ्कन तथा आवश्यकता अनुसार बित्तीय स्थितिको मूल्याङ्कन उपदफा (२) बमोजिम नियुक्त बीमाङ्कीबाट गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बीमाङ्कीको नियुक्तिको लागि प्राधिकरणको स्वीकृती लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्त गर्नु पर्ने बीमाङ्कीको योग्यता तथा अन्य व्यवस्थाहरु तोकिए बमोजिम हुनेछ ।

(४) निर्जीवन बीमा तथा पुनर्बीमा व्यवसाय गर्ने बीमकको बीमाङ्कीय मूल्याङ्कन सम्बन्धी व्यवस्था प्राधिकरणले तोके बमोजिम हुनेछ ।

(५) उपदफा (१) बमोजिम मूल्याङ्कन गरी बीमाङ्कीले पेश गरेको प्रतिबेदनको एक प्रति बीमकले प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम पेश गरेको बीमाङ्कीको मूल्याङ्कन प्रतिबेदनको आधारमा बीमकले गर्नु पर्ने जीवन बीमा कोषको बाँडफाँड तथा व्यवस्थाको लागि बीमकले प्राधिकरणको स्वीकृती लिनु पर्नेछ ।

(७) बीमाङ्कीय मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्थाहरु तोकिए बमोजिम हुनेछ ।

६७ **जीवन बीमा व्यवसायबाट भएको बचतको बाँडफाँड** (१) दफा ६६ बमोजिम गरिएको मूल्याङ्कनबाट मुनाफामा सरिक हुने गरी बीमालेख जारी गरिएको जीवन बीमा व्यवसायमा देखिएको बचतको कम्तिमा नब्बे प्रतिशत रकम बीमालेख लिनेहरुलाई मुनाफाको रुपमा बितरण गर्नको लागि जीवन बीमा कोषमा सार्नु पर्नेछ ।

(२) जीवन बीमा व्यवसायबाट भएको बचत बाँडफाँड सम्बन्धी अन्य व्यवस्थाहरु तोकिए बमोजिम हुनेछ ।

६८ **बीमाशुल्कको दर** : (१) बीमकले बीमा व्यवसाय गर्दा प्राधिकरणले निर्धारण गरेको वा प्राधिकरणबाट स्वीकृत दरमा बीमाशुल्क लिनु पर्नेछ ।

(२) बीमाशुल्क सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६९ **बीमकको व्यवस्थापन खर्च:** (१) बीमकले बीमा व्यवसाय सञ्चालन गर्दा बीमकको क्षमता अनुरुप बीमितको हितमा प्रतिकूल असर नपर्ने गरी व्यवस्थापन खर्च गर्नु पर्छ ।

(२) बीमकको व्यवस्थापन खर्चको सीमा तोकिए बमोजिम हुनेछ ।

७० **बीमकले गर्ने जोखिम धारण सम्बन्धी व्यवस्था** : (१) बीमकले आफ्नो नेट वर्थको आधारमा जोखिम स्वीकार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बीमकले लिने जोखिमको परिमाण सम्बन्धी अन्य व्यवस्था प्राधिकरणले तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद-१०

## बीमकको लेखा तथा लेखापरीक्षण सम्बन्धी व्यवस्था

७१ **हिसाब किताब दुरुस्त राख्नु पर्ने** :- (१) बीमकले आफ्नो हिसाब किताब र लेखाको अभिलेख यथार्थ र दुरुस्त राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिने लेखा तथा हिसाव किताव यस ऐन तथा यस ऐन अन्तर्गत जारी भएका नियम, बिनियम, आदेश, निर्देशन, निर्देशिका, दिग्दर्शन र परिपत्रमा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएको विषयमा प्रचलित कानून तथा लेखामान, सामान्यतः स्वीकार्य लेखा सिद्धान्त बमोजिम हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम राखिने हिसाब किताब र लेखाको अभिलेख प्राधिकरणले अन्यथा स्वीकृति दिएकोमा बाहेक आफ्नो रजिष्टर्ड कार्यालयमा राख्नु पर्नेछ ।

७२ **वित्तीय विवरण तयार गर्नु पर्ने** : बीमकले प्रत्येक आर्थिक वर्षको वित्तीय विवरण तयार गर्नु पर्नेछ ।

७३ **वित्तीय विवरणमा समावेश हुनु पर्ने** : बीमकको वित्तीय विवरणमा वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाब, नगद प्रवाह विवरण, इक्यूटीमा भएको परिवर्तन तथा अनुसूचीहरु र लेखा सम्बन्धी नीति तथा टिप्पणीहरु समावेश हुनु पर्नेछ ।

७४ **छुट्टा-छुट्टै आय व्यय हिसाब तयार गर्नु पर्ने** : बीमकले प्रत्येक प्रकारको बीमाको लागि तोकिए बमोजिम छुट्टा-छुट्टै आय व्यय हिसाब तयार गर्नु पर्नेछ ।

७५ **तोकिएको ढाँचामा विवरण तयार गर्नु पर्ने** : बीमकले आफ्नो वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाब, नगद प्रवाह विवरण, इक्यूटीमा भएको परिवर्तन तथा अनुसूचीहरु र अन्य विवरणहरु प्राधिकरणले तोकेको ढाँचा र तरिका अनुसार तयार गर्नु पर्नेछ ।

७६ **प्राधिकरणको स्वीकृति बमोजिम गर्नु पर्ने** : (१) बीमकले प्रत्येक आर्थिक वर्षको लेखा परीक्षण गराई आर्थिक बर्ष समाप्त भएको छ महिना भित्र प्राधिकरणको स्वीकृतिको लागि पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राधिकरणमा पेश गर्नुपर्ने वित्तीय विवरणसंग व्यवस्थापनको प्रतिवेदन, आन्तरिक लेखा परीक्षण प्रतिवेदन, लेखा परिक्षकको प्रारम्भिक प्रतिवेदन र सो उपर बीमकको संचालक समितिको प्रतिक्रिया तथा लेखा परिक्षकको विस्तृत प्रतिवेदन (लङ्ग फर्म अडिट रिपोर्ट) तथा लेखा परिक्षकको प्रतिवेदन संलग्न गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राधिकरणमा पेश भएको वित्तीय विवरण छानविन गरी प्राधिकरणले स्वीकृति दिन वा निर्देशन, शर्त तथा आदेश सहित स्वीकृति दिन वा त्यस्तो विवरणमा गम्भीर त्रुटी देखिएमा परिमार्जन सहित पूनः पेश गर्न निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (३) वमोजिम परिमार्जन सहित पुनः पेश गर्न प्राधिकरणले निर्देशन दिएको तीस (३०) दिन भित्र बीमकले परिमार्जित वित्तीय विवरण स्वीकृतिको लागि प्राधिकरणमा पेश गर्नु पर्नेछ । त्यसरी स्वीकृतिको लागि पुनः पेश भएको वित्तीय विवरणलाई उपदफा (३) बमोजिम स्वीकृति दिन वा निर्देशन, शर्त तथा आदेश सहित स्वीकृति दिन वा प्राधिकरणबाट औंल्याइएको गम्भिर त्रुटी नसच्याइएको अवस्थामा परिमार्जन सहित पुनः पेश गर्न प्राधिकरणले निर्देशन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम वित्तीय विवरण सम्बन्धमा प्राधिकरणबाट दिइएको स्वीकृति, निर्देशन, शर्त तथा आदेश संलग्न गरी बीमकले वार्षिक प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम नभएसम्म बीमकले आफ्नो वार्षिक प्रतिवेदन अन्य निकायमा पेश गर्न, प्रकाशित गर्न वा वार्षिक साधारण सभा आव्हान गर्नु हुंदैन ।
तर प्रचलित कानूनी व्यवस्था बमोजिम अन्य निकायमा पेश गर्नु पर्ने वा प्रकाशित गर्नु पर्ने विवरण पेश गर्न वा प्रकाशित गर्न यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

(७) उपदफा (६) बमोजिम तयार भएको वार्षिक प्रतिवेदन सर्वसाधारणको जानकारीको लागि बीमकले आफ्नो वेभसाइटमा राख्नु पर्नेछ । साथै प्राधिकरणबाट तोकिए बमोजिमको संक्षिप्त त्रैमासिक आर्थिक बिवरण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नु पर्नेछ ।

७७ **लेखापरीक्षकको सूची तयार पार्ने** :(१) प्राधिकरणले बीमकको लेखापरीक्षण गर्ने प्रयोजनका लागि लेखापरीक्षकको सूची तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूची तयार गर्नका लागि प्राधिकरणले प्रत्येक बर्ष सार्वजनिक आव्हान गर्नेछ ।

(३) उपदफा (१) बमोजिम सूची तयार गर्दा बीमा व्यवसायको प्रकृति अनुसार प्राधिकरणले लेखापरीक्षकको योग्यता, अयोग्यता तथा अन्य व्यवस्थाहरु तोक्न सक्नेछ ।

(४) आफ्नो कर्तव्य पालना नगर्ने लेखापरीक्षकलाई प्राधिकरणले बीमकको लेखापरीक्षण गर्ने लेखापरीक्षकको सूचीबाट जुनसुकै बखत हटाउन सक्नेछ ।

७८ **लेखापरीक्षकको नियुक्ती** : (१) बीमकको साधारण सभाले लेखापरीक्षक नियुक्ति गर्दा प्राधिकरणले स्वीकृत गरेको लेखापरीक्षकको सूचीमा समावेश रहेका लेखापरीक्षकहरु मध्येबाट बीमकको व्यवसाय अनुरुप उपयुक्त, स्वतन्त्र तथा प्रभावकारी रुपमा कार्य गर्न सक्षम चार्टर्ड एकाउण्टेण्ट (व्यक्ति वा फर्म) लाई प्रचलित कानून बमोजिम वाह्य लेखा परिक्षक नियुक्त गर्नु पर्नेछ ।

तर एउटै लेखापरीक्षकलाई लगातार तीन पटक भन्दा बढी अवधिको लागि नियुक्त गर्न सक्ने छैन ।

(२) यस ऐन तथा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि यस ऐन बमोजिम तोकिएको समयावधिभित्र बीमकले लेखापरीक्षणको प्रतिवेदन प्राधिकरण समक्ष पेश नगरेमा वा त्यस्तो प्रतिवेदनबाट बीमा व्यवसायमा अनियमितता भएको पुष्टि हुने मनासिब आधार भएमा वा बीमकले गरेको बीमा व्यवसायको हिसाब किताबमा अनियमितता भएको छ भनी प्राधिकरण समक्ष उजुरी परेमा प्राधिकरणले बीमकको बीमा व्यवसायको लेखापरीक्षण वा पुनः लेखा परीक्षण गर्न वा गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखापरीक्षण वा पुनः लेखापरीक्षण गर्दा गराउँदा लागेको सम्पूर्ण खर्च बीमक स्वयंले व्यहोर्नु पर्नेछ ।

७९ **लेखापरीक्षकले प्रतिबेदन दिनुपर्ने** : (१) दफा ७८ बमोजिम नियुक्त लेखापरीक्षकले प्रचलित कानूनले गरेको व्यवस्थाको अतिरिक्त आफ्नो प्रतिवेदनमा देहायका कुराहरु स्पष्ट उल्लेख गर्नु पर्नेछ :-

(क) बीमकको बीमाकोष, अनिबार्य जगेडा तथा सोल्भेन्सी मार्जिन तोकिए बमोजिम भए नभएको,

(ख) बीमकले बीमालेख लिनेको हक बिरुद्धको कुनै कार्य गरे नगरेको,

(ग) बीमकले प्राधिकरणको निर्देशन अनुरुप कार्य गरे नगरेको,

(घ) शेयरधनीलाई थाहा दिनुपर्ने निजको बिचारमा लागेका अन्य कुराहरु, र

(ङ) लेखापरीक्षकले लेखापरीक्षण प्रतिवेदनमा खुलाउनु पर्ने भनी प्राधिकरणले तोकिदिएको अन्य विवरण ।

(२) ७८ बमोजिम नियुक्त लेखापरीक्षकले प्राधिकरणले तोकिदिए बमोजिमको बिस्तृत लेखापरीक्षण प्रतिबेदन प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद-११

## बीमकको धितोपत्र सम्वन्धि व्यवस्था

८० **शेयरको बाँडफाँड :** (१) बीमकले आफ्नो कूल जारी पूँजीको कम्तिमा तीस प्रतिशत हिस्सा सर्वसाधारणलाई बिक्री वितरण गर्नको लागि छुट्याउनु पर्नेछ ।

(२) बीमकको चुक्ता पूँजीको पन्ध्र प्रतिशत भन्दा बढि शेयर एउटै व्यक्ति, परिवार, संस्था वा समूहको स्वामित्वमा रहनु हुँदैन ।

तर बिदेशी बीमकको संयुक्त लगानीमा संस्थापित बीमकको त्यस्तो बिदेशी संस्थापकको हकमा यो व्यवस्था लागू हुने छैन ।

(३) यस ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन लागू हुनु पूर्व संस्थापना भई व्यवसाय संचालन गर्दै आएको बीमकको चुक्ता पूँजीको पन्ध्र प्रतिशत वा सो भन्दा बढि शेयरको स्वामित्व एउटै व्यक्ति, परिवार, संस्था वा समूहको स्वामित्वमा रहेको भए त्यस्तो व्यक्ति, परिवार, संस्था वा समूहले प्राधिकरणले तोके बमोजिम त्यस्तो पन्ध्र प्रतिशत भन्दा बढि शेयर बिक्रि वा हस्तान्तरण गर्नु पर्नेछ ।

(४) यस ऐन बमोजिम बीमक संस्थापना गर्दा बीमकका लागि तोकिएको न्यूनतम चुक्ता पूँजी चुक्ता भएको हुनु पर्नेछ ।

८१ **शेयर निष्काशन :** (१) यस ऐन बमोजिम बीमक सञ्चालनमा आएको पाँच आर्थिक बर्षको बित्तीय बिवरण प्रकाशन गरेपछि मात्र सर्बसाधारणको लागि शेयरको सार्वजनिक निष्काशन गर्नु पर्नेछ ।

(२) बीमकको शेयर खरिदको लागि सर्वसाधारणबाट दरखास्त आव्हान गर्दा शेयरको अंकित मूल्यको शतप्रतिशत रकम दरखास्त साथ माग गर्नु पर्नेछ ।

(३) बीमकले धितोपत्रको सार्वजनिक निष्काशनको लागि बिवरणपत्र प्रकाशन गर्नु पूर्व प्रचलित कानून बमोजिम स्वीकृति प्राप्त विवरणपत्रको एक प्रति प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश हुन आएको बिवरणपत्रमा गम्भीर त्रुटी देखिएमा प्राधिकरणले त्यस्तो बिवरणपत्र परिमार्जन गर्न गराउन बीमकलाई निर्देशन दिन सक्नेछ ।

८२ **शेयर बिक्री गर्न, धितोबन्धक राख्न तथा हक हस्तान्तरण गर्न नसकिने :** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बीमकले बीमा व्यवसाय सञ्चालन गरेको कम्तीमा पाँच वर्षसम्म बीमकका संस्थापकले शेयर बिक्री गर्न वा धितोबन्धक राख्न वा कुनै प्रकारले हक हस्तान्तरण गर्न पाउने छैन ।

(२) बीमकका एक प्रतिशत वा सो भन्दा बढी शेयर लिएका संस्थापकले बीमकले कारोबार संचालन गरेको मितिले पाँच वर्ष पछि आफ्नो नाममा रहेको शेयर बिक्री गर्न वा धितोबन्धक राख्न चाहेमा प्राधिकरणको स्वीकृति लिनु पर्नेछ ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि उपदफा (१) मा तोकिएको समयावधि भित्रै कुनै संस्थापकले शेयर बिक्री गर्नु पर्ने वा संस्थापकको शेयर अन्य संस्थापकले खरिद गर्नु पर्ने तोकिए बमोजिमको बिशेष अवस्थामा प्राधिकरणको स्वीकृति लिएर खरिद बिक्री गर्न सक्नेछ ।

# परिच्छेद-१२

## बीमकको व्यवस्थापन तथा सुशासन सम्बन्धी व्यवस्था

८३ **बीमकको सञ्चालक समितिको गठन** : (१) बीमकको सञ्चालक समितिमा कम्तीमा पाँच जना र बढीमा नौजना सञ्चालक रहने छन् ।

(२) संस्थापक शेयरधनी समूह र सर्वसाधारण शेयरधनी समूहसंग रहेको शेयरको समानुपातिक आधारमा उपदफा (१) बमोजिमको बीमकको संचालक समितिमा प्रतिनिधित्व हुनु पर्नेछ ।

(३) बीमकको सञ्चालकको निर्बाचन गर्दा संस्थापक शेयरधनी समूह तथा सर्वसाधारण शेयरधनी समूहले आ-आफ्नो समूहका उम्मेदबारलाई मात्र मतदान गर्न पाउने छन् ।

(४) बीमकको सञ्चालकको योग्यता, अयोग्यता तथा बीमकको व्यवस्थापन, सुशासन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८४ **बीमकको कार्यकारी प्रमुख सम्बन्धी व्यवस्था** : (१) बीमकको सञ्चालक समितिले यस ऐन, बीमकको प्रबन्धपत्र र नियमावलीको अधीनमा रही कार्यकारी प्रमुखको नियुक्ति गर्नेछ ।

(२) बीमकको कार्यकारी प्रमुख प्राधिकरणले तोकेको मापदण्ड बमोजिम उपयुक्त र सक्षम हुनु पर्नेछ ।

(३) कार्यकारी प्रमुख बीमकको प्रमुख प्रशासक हुनेछ ।

(४) कार्यकारी प्रमुख सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८५ **कानून अधिकृत सम्बन्धी व्यवस्था** : (१) बीमकले नेपाल स्थित मुख्य कार्यालयमा कम्तिमा एक जना पूर्णकालीन कानून अधिकृत नियुक्त गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त हुने कानून अधिकृत मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून बिषयमा कम्तिमा स्नातक भएको हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्त भएको कानून अधिकृतले यस ऐन तथा यस ऐन अन्तर्गत जारी भएका नियम, बिनियम, निर्देशिका, निर्देशन, आदेश, मापदण्ड, दिग्दर्शन, मार्गदर्शन र अन्य प्रचलित कानून बमोजिम बीमकले बीमा व्यवसाय गर्दा पालना गर्नु पर्ने व्यवस्थाहरु पालना गरे नगरेको सम्बन्धमा प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदनको एक प्रति प्राधिकरणमा पेश गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिमको प्रतिवेदनको ढाँचा र पेश गर्नु पर्ने समयावधि प्राधिकरणले तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद-१३

## पुनर्बीमा व्यवस्था

८६ **पुनर्बीमा गराउनु पर्ने** : (१) बीमकले आफूले धारण गर्ने जोखिम धारण गरी बांकी रहेको जोखिमको पुनर्बीमा गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बीमकले धारण गर्ने जोखिमको परिमाण बीमकको नेट वर्थको आधारमा हुनेछ ।

(३) उपदफा (१) बमोजिम बीमकले धारण गर्ने जोखिमको परिमाण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (१) वमोजिम बीमकले पुनर्बीमा गराँउदा पुनर्बीमक छनौट गर्ने आधार, पुनर्बीमाको किसिम, पुनर्बीमा सम्झौतामा हुनु पर्ने न्यूनतम बुँदाहरु र अन्य व्यवस्थाहरु तोकिए बमोजिम हुनेछ ।

८७ **पुनर्बीमा व्यवसाय** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि दफा ४३ बमोजिम स्थापित पुनर्बीमकको सम्बन्धमा देहाय बमोजिम हुनेछ ।

(क) पुनर्बीमकले जीवन तथा निर्जीवन बीमा व्यवसायको पुनर्बीमा स्वीकार गर्न सक्नेछ ।

(ख) पुनर्बीमकले अन्य मुलुकमा दर्ता भएका बीमक वा पुनर्बीमकबाट पुनर्बीमा व्यवसाय स्वीकार गर्न सक्नेछ ।

(ग) पुनर्बीमकले आफ्नो नेट वर्थको आधारमा जोखिम स्वीकार गर्नु पर्नेछ ।

(घ) पुनर्बीमकले आफूले धारण गर्ने जोखिम धारण गरी बांकी रहेको जोखिमको पुनर्बीमा गराउनु पर्नेछ ।

(ङ) खण्ड (ख) तथा (ग) बमोजिम पुनर्बीमकले स्वीकार गर्ने जोखिम र खण्ड (घ) बमोजिम धारण गर्ने जोखिमको परिमाण सम्बन्धी अन्य व्यवस्था प्राधिकरणले तोकिदिए बमोजिम हुनेछ ।

८८ **पुनर्बीमा करार सम्वन्धी व्यवस्था** : (१) पुनर्बीमकले यस ऐन बमोजिम पुनर्बीमा गर्दा प्राधिकरणबाट स्वीकृत पुनर्बीमा करार जारी गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनर्बीमा करार जारी गर्नु पूर्व पुनर्बीमकले बीमकको तर्फबाट तोकिए बमोजिमको प्रस्ताव प्राप्त गर्नु पर्नेछ ।

(३) पुनर्बीमा करार सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१४

## दाबी भुक्तानी सम्बन्धी व्यवस्था

८९ **बीमा दाबी भुक्तानी गर्नुपर्ने** : बीमकले बीमालेखको अधिनमा रही बीमा दाबी भुक्तानी गर्नु पर्ने छ ।

९० **दाबी भुक्तानी पाउने व्यक्ति** : (१) बीमकले जारी गरेको बीमालेख अन्तर्गतको रकम भुक्तानी पाउने व्यक्ति देहाय बमोजिमको क्रमानुसार हुनेछ ।

(क) बीमितले बीमालेखको अख्तियारी कुनै व्यक्ति वा संस्थालाई सुम्पिएको भएमा त्यस्तो अख्तियारी प्राप्त संस्था, व्यक्ति वा निजको हकदार,

(ख) बीमालेखमा तोकिएको भुक्तानी पाउने व्यक्ति,

(ग) बीमितले इच्छाएको व्यक्ति,

(घ) खण्ड (क) बमोजिम अख्तियारी सुम्पिएको नभएमा, खण्ड (ख) बमोजिम बीमालेखमा भुक्तानी पाउने व्यक्ति तोकिएको नभएमा वा बीमालेखमा तोकिएको भुक्तानी पाउने व्यक्तिको बीमितको मृत्यु हुनु पूर्व मृत्यु भै सकेको भएमा तथा खण्ड (ग) बमोजिम बीमितले इच्छाएको व्यक्ति नभएमा वा इच्छाएको व्यक्तिको बीमित भन्दा अघि नै मृत्यु भैसकेको भएमा बीमितको देहाय बमोजिम नाता पर्ने आश्रितहरु मध्ये क्रमानुसार जीवित सदस्य :

(१) पति वा पत्नी,

(२) अविवाहित छोरा छोरीहरुमा बराबरीको हिस्साले,

(३) बाबु, आमा,

(४) विवाहित छोराहरुमा बराबरीको हिस्साले,

(५) मृत छोराको विधवा पत्नी,

(६) मृत छोराको छोरा छोरीमा बराबरीको हिस्साले,

(७) अविवाहित दाजु भाई तथा दिदी बहिनीहरुमा बराबरीका हिस्साले र

(८) बाबु पट्टीको बाजे बज्यै

(९) माथि उल्लेख भए बाहेकको नजिकको हकदार ।

(२) बीमा दावी भुक्तानी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९१ **जीवन बीमाको दावी भुक्तानी सम्वन्धी व्यवस्था** : (१) बीमालेखको व्यवस्था बमोजिम बीमा अवधि समाप्ती पछि बीमा बापत दाबी भुक्तानी गनुपर्ने बीमाको बीमाशुल्कको अन्तिम किस्ता भुक्तान भईसकेको बीमालेखको अवधि समाप्त हुनु भन्दा कम्तिमा तीस दिन अगाडि तोकिए बमोजिमका कागजातहरु संलग्न राखी दावी भुक्तानी लिन आउनको निमित्त दफा ९० बमोजिम भुक्तानी पाउने व्यक्ति वा संस्थाको नाममा बीमकले भुक्तानी पूर्जी (डिस्चार्ज भाउचर) जारी गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम भुक्तानी पाउने व्यक्ति वा संस्थाले जीवन बीमा दावी भुक्तानीको निमित्त तोकिएका कागजातसहित भुक्तानी लिन मञ्जुर गरेको भुक्तानी पूर्जी पेश गरेमा बीमकले आवश्यक जाँचबुझ गरी त्यस्तो जीवन बीमालेखको अवधि समाप्त भएको सात दिन भित्र त्यस्तो व्यक्ति वा संस्थालाई जीवन बीमाको दावी भुक्तानी दिनुपर्ने छ ।

(३) उपदफा (१) मा उल्लिखित बाहेक अन्य जीवन बीमा दावी भुक्तानी लिनको लागि दफा ९० बमोजिम बीमा दावी गर्ने व्यक्तिले बीमालेख लगायत तोकिएका कागजात बीमक समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश हुन आएको दावी उपर छानबिन गरी बीमित जीबित भएको अवस्थाको बीमा दावी भएमा त्यस्तो कागजात पेश भएको सात दिन भित्र र बीमितको मृत्यु भएको अवस्थाको बीमा दावी भएमा त्यस्तो कागजात पेश भएको पन्ध्र दिन भित्र बीमकले आफ्नो दायित्व निर्धारण गर्नु पर्नेछ ।

(५) उपदफा (१) र (४) वमोजिम बीमकले दायित्व निर्धारण गर्दा दाबी भुक्तानी गर्नु नपर्ने देखिएमा सोको कारण सहितको लिखित जानकारी दावीकर्तालाई दिनुपर्ने छ ।

(६) उपदफा (४) बमोजिम बीमकले दायित्व निर्धारण गरी बीमा दावी भुक्तानी गर्नु पर्ने भएमा बीमकले दायित्व निर्धारण गरेको मितिले सात दिन भित्र दावी भुक्तानी गर्नु पर्नेछ ।

(७) जीवन बीमा दाबी भुक्तानी सम्बन्धी अन्य व्यवस्थाहरु तोकिए बमोजिम हुनेछ ।

९२ **निर्जीवन बीमाको दावी भुक्तानी सम्वन्धी व्यवस्था** : (१) निर्जीवन बीमालेखको व्यवस्था बमोजिम बीमा दावी गर्दा सम्बन्धित व्यक्ति वा संस्थाले बीमकलाई क्षति वा हानि नोक्सानीको सूचना दिनु पर्नेछ र बीमक वा सर्भेयरले माग गरेका कागजात, दावीको निवेदन, अनुमानित क्षतिको विवरणहरु तोकिए बमोजिम बीमक समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दावीको सूचना प्राप्त भएपछि बीमकले क्षति मूल्याङ्कन गर्न आवश्यक परेमा तुरुन्त सर्भेयर खटाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम खटिएको सर्भेयरले क्षति, हानि नोक्सानी वा दायित्वको मूल्याङ्कन गरी पन्ध्र दिनभित्र त्यसको विस्तृत विवरण समेतको प्रतिवेदन बीमकसमक्ष पेश गर्नु पर्नेछ र बीमालेखको अधीनमा रही दावीकर्ताले पाउन सक्ने रकम उल्लेख गरी निजलाई जानकारी दिनु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि तत्काल मूल्याङ्कन हुन नसक्ने भई थप समय लाग्ने अवस्थामा सर्भेयरले कारण खुलाई बीमकसंग थप समय माग गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम थप समयावधि माग गरिएको कारण मनासिव देखिएमा बीमकले उपदफा (३) बमोजिमको समयावधि समाप्त भएको मितिले पन्ध्र दिन सम्म म्याद थप गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिमको म्याद भित्र कार्य सम्पन्न हुन नसक्ने अवस्थामा बीमकले सोको विस्तृत कारण खोली प्राधिकरण समक्ष थप म्यादका लागि निवेदन दिनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम प्राप्त निवेदन मनासिव देखिएमा प्राधिकरणले आवश्यक म्याद थप गरिदिन सक्नेछ ।

(८) उपदफा (३), वा उपदफा (५) र (७) बमोजिमको म्याद भित्र सर्भेयरले बीमकसमक्ष प्रतिवेदन पेश गरेको पन्ध्र दिनभित्र बीमकले उक्त बीमालेख अन्तर्गत दायित्व निर्धारण गर्नुपर्ने छ ।

(९) उपदफा (८) वमोजिम बीमकले दायित्व निर्धारण गर्दा बीमा दावी भुक्तानी गर्नु नपर्ने देखिएमा सो को कारण सहितको लिखित जानकारी दावीकर्तालाई दिनुपर्ने छ ।

(१०) उपदफा (८) बमोजिम बीमकले दायित्व निर्धारण गरी बीमा दावी भुक्तानी गर्नु पर्ने भएमा दायित्व निर्धारण गरेको मितिले सात दिन भित्र दावी भुक्तानी गर्नु पर्नेछ ।

(११) निर्जीवन बीमा दाबी भुक्तानी सम्बन्धी अन्य व्यवस्थाहरु तोकिए बमोजिम हुनेछ ।

(१२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बीमकले मोटर बीमा अन्तर्गत तेश्रो पक्षको मृत्यु वापत दायित्वको भुक्तानी गर्दा त्यस्तो तेश्रो पक्षको मृत्यु भएको एक्काईस दिन भित्र गर्नु पर्नेछ ।

९३  **उजुरी गर्न सक्ने** : (१) दफा ९१ वा ९२ को व्यवस्था बमोजिम बीमकले तोकिएको अवधि भित्र बीमा दावी भुक्तानी नगरेमा वा दायित्व निर्धारण नगरेमा वा मर्का पर्ने गरी दायित्व निर्धारण गरेमा सम्बन्धित व्यक्तिले तोकिएको हदम्याद भित्र प्राधिकरणमा उजुरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी परेमा प्राधिकरणले उक्त उजुरी उपर आवश्यक छानबिन गरी संबन्धित बीमकलाई सो सम्बन्धमा सफाई पेश गर्न मनासिब मौका दिनेछ ।

(३) उपदफा (२) बमोजिम बीमकले पेश गरेको सफाई मनासिब देखिएमा प्राधिकरणले त्यस्तो उजुरी कारण खोली खारेज गर्न वा सफाई मनासिब नदेखिएमा सम्बन्धित बीमकलाई क्षतिपूर्ति भुक्तानी दिन आदेश दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सम्बन्धित व्यक्तिले क्षतिपूर्ति पाउने गरी प्राधिकरणबाट निर्णय भएमा त्यस्तो क्षतिपूर्तिको रकम उपदफा (१) बमोजिम उजुरी परेको मितिदेखि भुक्तानी हुने मिति सम्मको तोकिएको प्रतिशत बमोजिम ब्याज रकम तथा कानूनी उपचार खर्च समेत बीमकले सम्बन्धित व्यक्तिलाई भुक्तानी दिनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम निवेदकले क्षतिपूर्ति पाउने गरी प्राधिकरणबाट भएको निर्णय बिरुद्ध पुनरावेदन परी अन्तिम किनारा हुँदा बीमकले क्षतिपूर्ति भुक्तानी गर्नु पर्ने देखिएमा प्राधिकरणमा उजुरी परेको मितिदेखि भुक्तानी हुने मितिसम्मको तोकिएको प्रतिशत बमोजिम ब्याज रकम तथा कानूनी उपचार खर्च समेत बीमकले सम्बन्धित व्यक्तिलाई भुक्तानी दिनु पर्नेछ ।

## परिच्छेद-१५

## नियमन, निरीक्षण, सुपरिवेक्षण तथा नियन्त्रण

९४ **नियमन गर्ने प्राधिकरणको अधिकार** : (१) यस ऐन बमोजिम दर्ता भएका बीमक, पुनर्बीमक, ,बीमा पुल, सर्भेयर, बीमा दलाल, बीमा अभिकर्ता तथा तेस्रो पक्ष सहजकर्ताको काम कारबाही नियमन, निरीक्षण, सुपरिबेक्षण तथा नियन्त्रण गर्ने पूर्ण अधिकार प्राधिकरणमा निहित हुनेछ ।

(२) उपदफा (१) बमोजिम नियमन, निरीक्षण, सुपरिबेक्षण तथा नियन्त्रण गर्ने सम्बन्धमा प्राधिकरणले आवश्यक देखेको विषयमा आवश्यक आदेश, निर्देशन, सूचना तथा परिपत्र जारी गर्न सक्नेछ र त्यस्तो आदेश, निर्देशन, सूचना तथा परिपत्रको पालना गर्नु सम्बन्धित बीमक, पुनर्बीमक, सर्भेयर, दलाल, बीमा अभिकर्ता तथा तेस्रो पक्ष सहजकर्ताको कर्तव्य हुनेछ ।

९५ **प्राधिकरणले निरीक्षण तथा सुपरिवेक्षण गर्न सक्ने** :(१) प्राधिकरणले जुनसुकै बखत बीमक, बीमा अभिकर्ता, सर्भेयर, बीमा दलाल, तेश्रो पक्ष सहजकर्ता तथा बीमा व्यवसायसंग सम्बन्धित अन्य व्यक्ति वा संस्थाको जुनसुकै कार्यालयको निरीक्षण तथा सुपरिवेक्षण गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राधिकरणले निरीक्षण तथा सुपरिबेक्षण गर्दा आफ्नो कुनै अधिकारी वा आफूले तोकेको विशेषज्ञ खटाई स्थलगत सुपरिवेक्षण गर्न वा विस्तृत विवरण तथा सूचनाहरु पेश गर्न सूचना दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निरीक्षण तथा सुपरिवेक्षण गर्ने अधिकारी वा विशेषज्ञ वा प्राधिकरणले मागेको लगत, तथ्याङ्क, विवरण, सूचना, विद्युतीय माध्यमबाट सिर्जना गरिएका विवरण वा आवश्यक अन्य कुनै कागजात त्यस्तो अधिकारी, विशेषज्ञ वा प्राधिकरणले तोकेको समयभित्र त्यस्तो अधिकारी, विशेषज्ञ वा प्राधिकरणलाई उपलब्ध गराउने, हेर्न वा जाँच्न दिने कर्तव्य सम्बन्धित बीमक, बीमा अभिकर्ता, सर्भेयर, बीमा दलाल, तेश्रो पक्ष सहजकर्ता, बीमित तथा बीमा व्यवसायसंग सम्बन्धित अन्य व्यक्ति, संस्था तथा निजको सम्बन्धित पदाधिकारीको हुनेछ ।

(४) यस दफा बमोजिम निरीक्षण तथा सुपरिवेक्षण गर्ने अधिकारी वा प्राधिकरणले बीमक, बीमा अभिकर्ता, सर्भेयर, बीमा दलाल, तेश्रो पक्ष सहजकर्ता बीमित तथा बीमा व्यवसायसंग सम्बन्धित अन्य व्यक्ति वा संस्थाको कुनै पदाधिकारी वा कर्मचारीलाई निरीक्षण वा सुपरिवेक्षण गर्दा आवश्यक देखेको काम कारबाहीको सम्बन्धमा लिखित रुपमा बयान गराउन सक्नेछ ।

(५) यस दफा बमोजिम निरीक्षण तथा सुपरीवेक्षण गर्ने अधिकारीले त्यस्तो निरीक्षण तथा सुपरीवेक्षणको सिलसिलामा आवश्यक ठानेमा कुनै सम्पत्ती, हिसाब किताब, खाता बही, श्रेस्ता, लेखा वा अन्य कागजातमा आफ्नो सिलछाप लगाई सम्बन्धित बीमक, बीमा अभिकर्ता, सर्भेयर, बीमा दलाल, तेश्रो पक्ष सहजकर्ता, बीमित वा बीमा व्यवसायसंग सम्बन्धित अन्य कुनै व्यक्ति वा संस्थालाई जिम्मामा राख्न लगाउन सक्नेछ ।

(६) निरीक्षण तथा सुपरिवेक्षण गर्दा आवश्यक देखिएका कुनै बिषयमा प्राधिकरण वा निरीक्षण तथा सुपरिवेक्षण गर्ने अधिकारीले बीमक, बीमा अभिकर्ता, सर्भेयर, बीमा दलाल, तश्रैं पक्ष सहजकर्ता, बीमित तथा सम्बन्धित संघ संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ । यसरी प्राधिकरण वा निरीक्षण वा सुपरिवेक्षण गर्ने अधिकारीले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ । निरीक्षण तथा सुपरिवेक्षण गर्ने अधिकारीले यसरी दिएको निर्देशनको जानकारी यथाशीघ्र प्राधिकरणलाई दिनु पर्नेछ ।

(७) यस दफा बमोजिम निरीक्षण गर्ने अधिकारी वा बिशेषज्ञले आफूले गरेको निरीक्षण वा प्रतिबेदन सो कार्य समाप्त भएको मितिले तीस दिन भित्र प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ ।

(८) उपदफा (६) बमोजिम पेश भएको प्रतिबेदन संचालक समितिको बैठकमा पेश गर्नु पर्नेछ ।

(९) उपदफा (७) बमोजिमको प्रतिबेदन उपर सञ्चालक समितिले आवश्यक निर्णय गरी निर्देशन दिन सक्नेछ ।

९६ **विदेशी बीमकले गर्ने निरीक्षण :** (१) बिदेशी बीमकले प्राधिकरणको स्वीकृती लिएर प्राधिकरणले तोकेका शर्तहरुको अधीनमा रही यस ऐन बमोजिम दर्ता भएका नेपाल स्थित आफ्नो कार्यालयको निरीक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विदेशी बीमकले गरेको निरीक्षण प्रतिवेदनको एक प्रति प्राधिकरणमा उपलब्ध गराउनु बीमकको कर्तव्य हुनेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदन अध्ययन गरी प्राधिकरणले त्यस्तो बीमकलाई निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राधिकरणले दिएको निर्देशन बीमकले पालना गर्नु पर्नेछ ।

९७ **नियन्त्रण गर्न सक्ने** : (१) अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै बीमकले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, बिनियम, निर्देशिका, निर्देशन, आदेश, मापदण्ड, दिग्दर्शन वा मार्गदर्शन उल्लंघन गरेको वा प्राधिकरणको निरीक्षण वा सुपरिवेक्षण प्रतिवेदन अनुसार बीमकले निर्वाह गर्नु पर्ने दायित्व पूरा गर्न नसकेको वा नसक्ने सम्भावना भएको वा सुचारु रुपले संचालन नभएको वा बीमितको हित बिरुद्ध हुने कार्य गरेको कुरामा प्राधिकरण विश्वस्त भएमा वा अन्य तोकिए वमोजिमको प्रतिकूल अवस्था रहेमा प्राधिकरणले त्यस्तो बीमकको संचालक समितिलाई निलम्बन गरी बीमकलाई आफ्नो नियन्त्रणमा लिन सक्नेछ ।

(२) प्राधिकरणले उपदफा (१) बमोजिम बीमकलाई नियन्त्रणमा लिएपछि त्यस्तो बीमकको व्यवस्थापन आफै वा कुनै उपयुक्त व्यक्ति, फर्म, कम्पनी वा संस्था नियुक्त गरी सो मार्फत संचालन गर्न गराउन सक्नेछ ।

तर यसरी लिइएको नियन्त्रण सामान्यतया दुई वर्ष भन्दा बढी हुने छैन ।

(३) प्राधिकरणले उपदफा (२) बमोजिम आफै वा अन्य कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्था मार्फत व्यवस्थापन गरे गराएको एक वर्षभित्र सम्बन्धित बीमकको वित्तीय तथा व्यवस्थापन लेखा परीक्षण गरी वा गराई सोको प्रतिवेदन सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदनबाट सम्बन्धित बीमक आफूले पूरा गर्नुपर्ने दायित्व पूरा गर्न असमर्थ भएको वा सुचारु रुपले संचालन हुन नसक्ने अवस्थामा पुगेको कुरामा प्राधिकरण विश्वस्त भएमा प्राधिकरणले त्यस्तो बीमक अर्को बीमकसंग विलय गराउन, गाभ्न वा बीमकको ब्यवसाय अर्को बीमकमा हस्तान्तरण गराउन वा दर्ता खारेजी गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिमको प्रतिवेदनबाट सम्बन्धित बीमक आफूले पूरा गर्नुपर्ने दायित्व पूरा गर्न समर्थ भएको वा सुचारु रुपले संचालन हुने अवस्थामा पुगेको कुरामा प्राधिकरण विश्वस्त भएमा प्राधिकरणले देहायको कारबाही गर्न सक्नेछ :

(क) बीमकको संचालक समितिलाई उपदफा (१) बमोजिम गरेको निलम्बन फुकुवा गरी पुनः सोही संचालक समितिलाई व्यवस्थापन जिम्मा लगाउने, वा

(ख) उपदफा (१) बमोजिम बीमकको निलम्बित संचालक समितिलाई बर्खास्त गरी बीमकको शेयरधनी मध्येबाट नयाँ संचालक समिति गठन गरी सो बीमकको व्यवस्थापन जिम्मा लगाउने, वा

(ग) बीमकको साधारण सभा बोलाई सो सभाबाट नयाँ संचालक समिति गठन गरी सो समितिलाई व्यवस्थापन जिम्मा लगाउने, वा

(घ) प्राधिकरणले उपयुक्त देखेको अन्य कुनै आवश्यक कारबाही गर्ने गराउने ।

(६) प्राधिकरणले उपदफा (१) बमोजिम बीमकलाई आफ्नो नियन्त्रणमा लिनु अघि सम्बन्धित बीमकलाई अवस्था हेरी पन्ध्र दिनसम्मको म्याद दिई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(७) प्राधिकरणले उपदफा (१) बमोजिम बीमकलाई आफ्नो नियन्त्रणमा लिई उपदफा (२) बमोजिम गरेको काम कारबाहीको सम्पूर्ण खर्च सम्बन्धित बीमकले व्यहोर्नु पर्नेछ ।

(८) प्राधिकरणले उपदफा (१) बमोजिम कुनै बीमकलाई आफ्नो नियन्त्रणमा लिएको जानकारी नेपाल सरकारलाई दिनुका साथै सर्वसाधारणको जानकारीका लागि सूचना प्रकाशित गर्नु पर्नेछ ।

## परिच्छेद-१६

## बीमा व्यवसाय हस्तान्तरण तथा बीमक एक आपसमा गाभिने व्यवस्था

९८ **बीमा व्यवसाय हस्तान्तरण हुन सक्ने**:(१) यस ऐन तथा प्रचलित कानून बमोजिम एउटा बीमकको एक वा एक भन्दा बढी वा सबै किसिमका बीमा व्यवसाय सोही किसिमको बीमा व्यवसाय संचालन गर्ने अर्को बीमकमा हस्तान्तरण हुन सक्ने छ ।

(२) एउटा बीमकको बीमा व्यवसाय अर्को बीमकलाई हस्तान्तरण गर्न वा त्यस्तो हस्तान्तरण स्वीकार गर्न चाहेमा दुबै बीमकले आ-आफ्नो साधारण सभाबाट सो सम्बन्धी विशेष प्रस्ताव पारित गरी स्वीकृतीको निमित्त संयुक्त रुपमा तोकिए बमोजिमको कागजात सहित प्राधिकरणमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृतीको लागि निवेदन परेमा प्राधिकरणले आवश्यक जाँचबुझ गरी निबेदकसंग कुनै थप कुरा बुझ्नु पर्ने भए सो कुरा समेत बुझि उपयुक्त देखिएमा बीमा व्यवसाय हस्तान्तरण गर्न वा त्यस्तो हस्तान्तरण स्वीकार गर्न स्वीकृती दिने वा नदिने निर्णय गरी सोको जानकारी सम्बन्धित बीमकहरुलाई दिनु पर्नेछ ।

(४) अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीमा व्यवसाय हस्तान्तरण गर्न वा त्यस्तो हस्तान्तरण स्वीकार गर्न स्वीकृती प्रदान गर्दा बीमितलाई अहित हुने, बीमा क्षेत्रमा अस्वस्थ प्रतिस्पर्धाको वातावरण सिर्जना हुने वा कुनै बीमकको एकाधिकार वा नियन्त्रित अभ्यास कायम हुनसक्ने सम्भावना देखिएमा प्राधिकरणले स्वीकृती दिने छैन ।

(५) यस दफा बमोजिम बीमा व्यवसाय हस्तान्तरण गर्न प्राधिकरणले स्वीकृती दिएमा बीमा व्यवसाय हस्तान्तरण गर्ने बीमकको सम्वन्धित जायजेथा तथा दायित्व बीमा व्यवसाय हस्तान्तरण गरी लिने बीमकमा सर्नेछ ।

(६) बीमा व्यवसाय हस्तान्तरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९९ **बीमक गाभिन सक्ने :** (१) यस ऐन तथा प्रचलित कानून बमोजिम एउटा बीमक सोही किसिमको बीमा व्यवसाय संचालन गर्ने अर्को बीमकमा गाभिन सक्ने छ ।

(२) एउटा बीमक अर्को बीमकसंग गाभ्न वा गाभिन चाहेमा दुबै बीमकले आ-आफ्नो साधारण सभाबाट सो सम्बन्धी विशेष प्रस्ताव पारित गरी स्वीकृतीको निमित्त संयुक्त रुपमा तोकिए बमोजिमको कागजात सहित प्राधिकरणमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृतीको लागि निवेदन परेमा प्राधिकरणले आवश्यक जाँचबुझ गरी निबेदकसंग कुनै थप कुरा बुझ्नु पर्ने भए सो कुरा समेत बुझी उपयुक्त देखिएमा बीमक एक आपसमा गाभ्न वा गाभिन स्वीकृती दिने वा नदिने निर्णय गरी सोको जानकारी सम्बन्धित बीमकहरुलाई दिनु पर्नेछ ।

(४) अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दुई वा सो भन्दा बढी बीमक गाभिंदा बीमितलाई अहित हुने, बीमा क्षेत्रमा अस्वस्थ प्रतिस्पर्धाको वातावरण सिर्जना हुने वा कुनै बीमकको एकाधिकार वा नियन्त्रित अभ्यास कायम हुनसक्ने सम्भावना देखिएमा प्राधिकरणले त्यस्तो बीमकलाई गाभ्न र गाभिन स्वीकृती दिने छैन ।

(५) यस दफा बमोजिम एक आपसमा गाभ्न वा गाभिन प्राधिकरणले स्वीकृती दिएमा गाभिने बीमकको जायजेथा तथा दायित्व गाभ्ने बीमकमा सर्नेछ ।

(६) बीमक गाभ्ने र गाभिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद- १७
## बीमा अभिकर्ता, सर्भेयर, बीमा दलाल र तेश्रो पक्ष सहजकर्ता सम्बन्धी व्यवस्था

१०० **बीमा अभिकर्ता सम्बन्धी व्यवस्था:** (१) कुनै पनि व्यक्ति वा संस्थाले यस ऐन बमोजिम इजाजत पत्र प्राप्त नगरी बीमा अभिकर्ताको कार्य गर्नु हुँदैन ।

(२) कुनै बीमकको तर्फबाट बीमा अभिकर्ताको रुपमा काम गर्न चाहने तोकिए बमोजिमको योग्यता पुगेको व्यक्ति वा संस्थाले सम्बन्धित बीमकको सिफारिस तथा तोकिएको दस्तुर सहित तोकिएको ढाँचामा प्राधिकरणमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएपछि प्राधिकरणले उक्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा इजाजत पत्र दिन हुने देखिएमा निवेदकको नाम तोकिए बमोजिमको दर्ता कितावमा दर्ता गरी निवेदकलाई तोकिए बमोजिमको ढाँचामा बीमा अभिकर्ताको इजाजत पत्र दिनु पर्नेछ र इजाजत पत्र दिनु नपर्ने कुनै कारण भएमा त्यसको जानकारी संबन्धित निवेदकलाई दिनु पर्नेछ ।

(४) बीमा अभिकर्ताको इजाजतपत्रको अवधि जारी भएको मितिले एक बर्षको लागि हुनेछ ।

(५) बीमा अभिकर्ताले आफ्नो इजाजतपत्रको अवधि समाप्त हुने मिति भन्दा कम्तिमा तीस दिन अगावै आफ्नो इजाजतपत्र नवीकरणको लागि बीमकको सिफारिस तथा तोकिएको दस्तूर सहित तोकिएको ढांचामा प्राधिकरणमा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिमको निवेदन प्राप्त भएपछि प्राधिकरणले बीमा अभिकर्ताको इजाजत पत्र नवीकरण गरिदिन सक्नेछ ।

(७) उपदफा (५) बमोजिमको म्याद भित्र कुनै बीमा अभिकर्ताले आफ्नो इजाजत पत्र नवीकरणको लागि निवेदन दिन नसकेको कारण खुलाई त्यस्तो म्याद समाप्त भएको मितिले एक बर्ष भित्रमा निवेदन दिएमा र सो कारण मनासिब देखेमा प्राधिकरणले ताकिए बमोजिम थप दस्तुर लिई अर्को एक बर्षको लागि बीमा अभिकर्ताको इजाजतपत्र नवीकरण गरिदिन सक्नेछ ।

(८) अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको कुनै अवस्थामा प्राधिकरणले बीमा अभिकर्ताको इजाजत पत्र नवीकरण गर्ने छैन :

(क) दफा १०४ बमोजिम अयोग्य ठहरिएमा,

(ख) यस ऐन, यो ऐन अन्तर्गत जारी भएको नियम, बिनियम, निर्देशिका, निर्देशन, आदेश, मापदण्ड, दिग्दर्शन वा मार्गदर्शन पालना नगरेमा, वा

(ग) बीमालेख लिने वा बीमकको हकहित विरुद्ध कार्य गरेमा ।

(९) उपदफा (८) बमोजिमको कुनै अवस्था परी बीमा अभिकर्ताको इजाजत पत्र नवीकरण हुन नसक्ने स्थिति सृजना भएमा प्राधिकरणले सो कुराको सूचना दिनु पर्नेछ ।

(१०) बीमा अभिकर्ताको प्रकार, निजले गर्नु हुने तथा गर्नु नहुने काम तथा बीमा अभिकर्ताले पाउने कमिशन सम्बन्धी व्यवस्थाहरु तोकिए बमोजिम हुनेछ ।

(११) बीमा अभिकर्ताको इजाजतपत्र नवीकरण नगराएको अवधिमा निजले उपलब्ध गराएको बीमा व्यवसाय बीमकले स्वीकार गर्न तथा बीमा अभिकर्ता कमिशन दिन हुँदैन ।

(१२) बीमा अभिकर्ताको इजाजतपत्र नवीकरण नगराएको कारणवाट दफा १०५ बमोजिम खारेज भएता पनि निजले त्यस्तो नवीकरण नगराएको अवधि अघि बीमा व्यवसाय सम्वन्धी कुनै काम गरेको रहेछ भने बीमकले निजलाई उपदफा (१०) बमोजिम पाउने कमिशन वापतको रकम दिनु पर्नेछ ।

(१३) उपदफा (१०) बमोजिम बीमा अभिकर्ताले पाउने कमिशन रकम लिन नपाउँदै निजको मृत्यु हुन गएमा निजले पाउने कमिशन रकम निजको हकवालाले पाउनेछ ।

(१४) बीमा अभिकर्ताले बीमालेख लिने वा बीमकको हक हित बिरुद्ध कार्य गरेमा बीमकले निजलाई आफ्नो अभिकर्ताबाट हटाई निजको दर्ता खारेजीको लागि प्राधिकरणमा सिफारिस गर्नु पर्नेछ ।

(१५) अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (१४) बमोजिम बीमकको सिफारिस पेश हुन आएपछि प्राधिकरणले बीमा अभिकर्ताको इजाजतपत्र खारेज गरी सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(१६) बीमा अभिकर्ताको इजाजतपत्र नवीकरण नगराएको कारणवाट वा अन्य कारणबाट दफा १०५ बमोजिम खारेज भएता पनि निजले त्यस्तो नवीकरण नगराएको अवधि अघि वहाल रहेको अवधिमा बीमा व्यवसाय सम्वन्धी कुनै काम गरेको रहेछ भने निजले सो कामको दायित्व ब्यहोर्नु पर्नेछ ।

१०१ **सर्भेयर सम्बन्धी व्यवस्था:** (१) कुनै पनि ब्यक्ति वा संस्थाले यस ऐन बमोजिम इजाजत पत्र प्राप्त नगरी सर्भेयरको कार्य गर्नु हुँदैन ।

(२) सर्भेयरको रुपमा काम गर्न चाहने तोकिए बमोजिमको योग्यता पुगेको व्यक्तिले तोकिएको दस्तुर सहित तोकिएको ढाँचामा प्राधिकरणमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएपछि प्राधिकरणले उक्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा इजाजत पत्र दिन हुने देखिएमा निवेदकको नाम तोकिए बमोजिमको दर्ता कितावमा दर्ता गरी निवेदकलाई तोकिए बमोजिमको ढाँचामा सर्भेयरको इजाजत पत्र दिनु पर्नेछ र इजाजत पत्र दिनु नपर्ने कुनै कारण भएमा त्यसको जानकारी प्राधिकरणले संबन्धित निवेदकलाई दिनु पर्नेछ ।

(४) सर्भेयरको इजाजतपत्रको अवधि जारी भएको मितिले एक बर्षको लागि हुनेछ ।

(५) सर्भेयरले आफ्नो इजाजतपत्रको अवधि समाप्त हुने मिति भन्दा कम्तिमा तीस दिन अगावै आफ्नो इजाजत पत्र नवीकरणको लागि तोकिएको दस्तूर तथा विवरण सहित तोकिएको ढांचामा प्राधिकरणको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन प्राप्त भएपछि प्राधिकरणले सर्भेयरको इजाजत पत्र नवीकरण गरिदिन सक्नेछ ।

(७) उपदफा (५) बमोजिमको म्याद भित्र कुनै सर्भेयरले आफ्नो इजाजत पत्र नवीकरणको लागि निवेदन दिन नसकेको कारण खुलाई त्यस्तो म्याद समाप्त भएको मितिले एक बर्ष भित्रमा निवेदन दिएमा र सो कारण मनासिब देखेमा प्राधिकरणले ताकिए बमोजिम थप दस्तुर लिई अर्को एक बर्षको लागि सर्भेयरको इजाजतपत्र नवीकरण गरिदिन सक्नेछ ।

(८) अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको कुनै अवस्थामा प्राधिकरणले सर्भेयरको इजाजत पत्र नवीकरण गर्ने छैन :

(क) दफा १०४ बमोजिम अयोग्य ठहरिएमा,

(ख) यस ऐन, यो ऐन अन्तर्गत जारी भएको नियम, बिनियम, निर्देशिका, निर्देशन, आदेश, मापदण्ड, दिग्दर्शन वा मार्गदर्शन पालना नगरेमा, वा

(ग) बीमालेख लिने वा बीमकको हकहित विरुद्ध कार्य गरेमा ।

(९) उपदफा (८) बमोजिमको कुनै अवस्था परी सर्भेयरको इजाजत पत्र नवीकरण हुन नसक्ने स्थिति सृजना भएमा प्राधिकरणले सो कुराको सूचना दिनु पर्नेछ ।

(१०) सर्भेयरको बर्गीकरण, निजले गर्न हुने तथा गर्न नहुने काम, सर्भे गर्न पाउने क्षेत्र र सीमा तथा अन्य ब्यवस्थाहरु तोकिए बमोजिम हुनेछ ।

(११) सर्भेयरको इजाजतपत्र नवीकरण नगराएको अवस्थामा निजलाई सर्भेयरको रुपमा कुनै पनि काममा लगाउन हुँदैन ।

(१२) सर्भेयरको इजाजतपत्र नवीकरण नगराएको कारणवाट दफा १०५ बमोजिम खारेज भएता पनि निजले त्यस्तो नवीकरण नगराएको अवधि अघिवहाल रहेको अवस्थामा बीमा व्यवसाय सम्वन्धी कुनै काम गरेको रहेछ भने बीमकले निजलाई पारिश्रमिक दिनु पर्नेछ ।

(१३) सर्भेयरले पाउने पारिश्रमिक लिन नपाउँदै निजको मृत्यु हुन गएमा निजले पाउने पारिश्रमिक निजको हकवालाले पाउनेछ ।

(१४) सर्भेयरको इजाजतपत्र नवीकरण नगराएको कारणवाट वा अन्य कारणबाट १०५ बमोजिम खारेज भएता पनि निजले त्यस्तो नवीकरण नगराएको अवधि अघि वहाल रहेको अवधिमा बीमा व्यवसाय सम्वन्धी कुनै काम गरेको रहेछ भने निजले सो कामको दायित्व ब्यहोर्नु पर्नेछ ।

१०२ **बीमा दलाल सम्बन्धी व्यवस्था:** (१) कुनै व्यक्ति वा संस्थाले यस ऐन बमोजिम इजाजत पत्र प्राप्त नगरी बीमा दलालको कार्य गर्नु हुँदैन ।

(२) बीमा दलालको रुपमा काम गर्न चाहने संगठित संस्थाले तोकिए बमोजिमका ब्यवस्थाहरु पूरा गरी प्राधिकरणमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएपछि प्राधिकरणले उक्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा इजाजत पत्र दिन हुने देखिएमा निवेदकको नाम तोकिए बमोजिमको कितावमा दर्ता गरी निवेदकलाई तोकिए बमोजिमको ढाँचामा दलालको इजाजत पत्र दिनु पर्नेछ र इजाजत पत्र दिनु नपर्ने कुनै कारण भएमा त्यसको जानकारी प्राधिकरणले संबन्धित निवेदकलाई दिनु पर्नेछ ।

(४) बीमा दलालको इजाजतपत्रको अवधि चैत्र मसान्त सम्मको लागि हुनेछ ।

(५) बीमा दलालले आफ्नो इजाजतपत्रको अवधि समाप्त हुने मिति भन्दा तीस दिन अगावै आफ्नो इजाजत पत्र नवीकरणको लागि तोकिएको दस्तूर, विवरण तथा कागजात सहित तोकिएको ढांचामा प्राधिकरणमा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन प्राप्त भएपछि प्राधिकरणले बीमा दलालको इजाजत पत्र नवीकरण गरिदिन सक्नेछ ।

(७) उपदफा (५) बमोजिमको म्याद भित्र कुनै बीमा दलालले आफ्नो इजाजत पत्र नवीकरणको लागि निवेदन दिन नसकेको कारण खुलाई निवेदन दिएमा र सो कारण मनासिब देखेमा प्राधिकरणले बढीमा दुई महिनाको म्याद थप गरिदिन सक्नेछ ।

(८) अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको कुनै अवस्थामा प्राधिकरणले बीमा दलालको इजाजत पत्र नवीकरण गर्ने छैन :

(क) यस ऐन, यो ऐन अन्तर्गत जारी भएको नियम, बिनियम, निर्देशिका, निर्देशन, आदेश, मापदण्ड, दिग्दर्शन वा मार्गदर्शन पालना नगरेमा, वा

(ख) बीमालेख लिने वा बीमकको हकहित विरुद्ध कार्य गरेमा ।

(९) उपदफा (८) बमोजिमको कुनै अवस्था परी बीमा दलालको इजाजत पत्र नवीकरण हुन नसक्ने स्थिति सृजना भएमा प्राधिकरणले सो कुराको सूचना दिनु पर्नेछ ।

(१०) बीमा दलालले मनासिब माफिकको कारण खुलाई उपदफा (७) बमोजिमको म्याद भित्र प्राधिकरण समक्ष तोकिएको विवरण तथा कागजात सहित निवेदन दिएमा र प्राधिकरणले उपयुक्त देखेमा दफा १०६ को उपदफा (९) को खण्ड (ङ) वमोजिम जरिवाना गरी प्राधिकरणले इजाजतपत्र नवीकरण गरि दिन सक्नेछ ।

(११) बीमा दलालको बर्गिकरण, निजले गर्न हुने तथा गर्न नहुने काम, पूँजी सम्बन्धी ब्यवस्था, कार्य गर्न पाउने क्षेत्र र सीमा तथा दलाल सम्बन्धी अन्य व्यवस्थाहरु तोकिए बमोजिम हुनेछ ।

(१२) बीमा दलालको इजाजतपत्र नवीकरण नगराएको कारणवाट वा अन्य कारणबाट दफा १०५ बमोजिम खारेज भएता पनि निजले त्यस्तो नवीकरण नगराएको अवधि अघि वहाल रहेको अवधिमा बीमा व्यवसाय सम्वन्धी कुनै काम गरेको रहेछ भने निजले सो कामको दायित्व ब्यहोर्नु पर्नेछ ।

१०३ **तेश्रो पक्ष सहजकर्ता सम्बन्धी ब्यवस्था :** (१) कुनै पनि ब्यक्ति वा संस्थाले यस ऐन बमोजिम इजाजत पत्र प्राप्त नगरी तेश्रो पक्ष सहजकर्ताको कार्य गर्नु हुँदैन ।

(२) तेश्रो पक्ष सहजकर्ताको रुपमा काम गर्न चाहने संगठित संस्थाले तोकिए बमोजिमका ब्यवस्थाहरु पूरा गरी तोकिए बमोजिमको दस्तुर सहित तोकिएको ढाँचामा प्राधिकरणमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएपछि प्राधिकरणले उक्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा इजाजत पत्र दिन हुने देखिएमा निवेदकको नाम तोकिए बमोजिमको कितावमा दर्ता गरी निवेदकलाई बमोजिमको ढाँचामा तेश्रो पक्ष सहजकर्ताको इजाजत पत्र दिनु पर्नेछ र इजाजतपत्र दिनु नपर्ने कुनै कारण भएमा त्यसको जानकारी प्राधिकरणले संबन्धित निवेदकलाई दिनु पर्नेछ ।

(४) तेश्रो पक्ष सहजकर्ताको  इजाजतपत्रको अवधि जारी भएको मितिले एक बर्षको लागि हुनेछ ।

(५) तेश्रो पक्ष सहजकर्ताको आफ्नो इजाजतपत्रको अवधि समाप्त हुने मिति भन्दा तीस दिन अगावै आफ्नो इजाजत पत्र नवीकरणको लागि तोकिएको दस्तूर सहित तोकिएको ढांचामा प्राधिकरणमा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन प्राप्त भएपछि प्राधिकरणले तेश्रो पक्ष सहजकर्ताको इजाजत पत्र नवीकरण गरिदिन सक्नेछ ।

(७) उपदफा (५) बमोजिमको म्याद भित्र कुनै तेश्रो पक्ष सहजकर्ताले आफ्नो इजाजत पत्र नवीकरणको लागि निवेदन दिन नसकेको कारण खुलाई त्यस्तो म्याद समाप्त भएको मितिले एक बर्ष भित्रमा निवेदन दिएमा र सो कारण मनासिब देखेमा प्राधिकरणले ताकिए बमोजिम थप दस्तुर लिई अर्को एक बर्षको लागि तेश्रो पक्ष सहजकर्ताको इजाजतपत्र नवीकरण गरिदिन सक्नेछ ।

(८) अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको कुनै अवस्थामा प्राधिकरणले तेश्रो पक्ष सहजकर्ताको इजाजत पत्र नवीकरण गर्ने छैन :

(क) यस ऐन, यो ऐन अन्तर्गत जारी भएको नियम, बिनियम, निर्देशिका, निर्देशन, आदेश, मापदण्ड, दिग्दर्शन वा मार्गदर्शन पालना नगरेमा, वा

(ख) बीमालेख लिने वा बीमकको हकहित विरुद्ध कार्य गरेमा ।

(९) उपदफा (८) बमोजिमको कुनै अवस्था परी तेश्रो पक्ष सहजकर्ताको इजाजत पत्र नवीकरण हुन नसक्ने स्थिति सृजना भएमा प्राधिकरणले सो कुराको सूचना दिनु पर्नेछ ।

(१०) तेश्रो पक्ष सहजकर्ताको प्रकार, निजले गर्नु हुने तथा गर्नु नहुने काम तथा तेश्रो पक्ष सहजकर्ताले पाउने पारिश्रमिक सम्बन्धी ब्यवस्थाहरु तोकिए बमोजिम हुनेछ ।

(११) तेश्रो पक्ष सहजकर्ताको इजाजतपत्र नवीकरण नगराएको अवस्थामा निजलाई कुनै पनि बीमा सम्बन्धी काममा लगाउन हुँदैन ।

(१२) तेश्रो पक्ष सहजकर्ताको इजाजतपत्र नवीकरण नगराएको वा अन्य कारणवाट तेस्रो पक्ष सहजकर्ताको इजाजतपत्र खारेज भएता पनि निजले त्यस्तो नवीकरण नगराएको अवधि अघि बीमा व्यवसाय सम्वन्धी कुनै काम गरेको रहेछ भने बीमकले निजलाई उपदफा (१०) बमोजिम पाउने पारिश्रमिक वापतको रकम दिनु पर्नेछ साथै निजले ब्यहोर्नु पर्ने सम्पूर्ण दायित्वबाट उन्मुक्ति पाउन सक्ने छैन ।

(१३) उपदफा (१०) बमोजिम तेश्रो पक्ष सहजकर्ताले पाउने पारिश्रमिक रकम लिन नपाउँदै निजको मृत्यु हुन गएमा निजले पाउने पारिश्रमिक रकम निजको हकवालाले पाउनेछ ।

(१४) तेश्रो पक्ष सहजकर्ताले बीमालेख लिने वा बीमकको हक हित बिरुद्ध कार्य गरेमा बीमकले निजलाई आफ्नो तेश्रो पक्ष सहजकर्ताबाट हटाई निजको दर्ता खारेजीको लागि प्राधिकरणमा सिफारिस गर्नु पर्नेछ ।

(१५) अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (१४) बमोजिम बीमकको सिफारिस पेश हुन आएपछि प्राधिकरणले तेश्रो पक्ष सहजकर्ताको इजाजतपत्र खारेज गरी सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(१६) तेश्रो पक्ष सहजकर्ताको इजाजतपत्र नवीकरण नगराएको कारणवाट वा अन्य कारणबाट दफा १०५ बमोजिम खारेज भएता पनि निजले त्यस्तो नवीकरण नगराएको अवधि अघि वहाल रहेको अवधिमा बीमा व्यवसाय सम्वन्धी कुनै काम गरेको रहेछ भने निजले सो कामको दायित्व ब्यहोर्नु पर्नेछ ।

१०४ **बीमा अभिकर्ता र सर्भेयरको अयोग्यता : देहायका अवस्थामा कुनैपनि व्यक्ति बीमा अभिकर्ता वा सर्भेयर, हुन सक्ने छैन :**

(क) सोह्र वर्ष उमेर नपुगेको,

(ख) तोकिएको योग्यता पुरा नगरेको,

(ग) मानसिक स्थिति ठिक नभएको,

(घ) साहुको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(ङ) कुनै प्रकारको चोरी गरेको, ठगी गरेको वा आफ्नो जिम्मामा रहेको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको,

(च) बीमा व्यवसाय सम्बन्धी काम गर्दा बीमक वा बीमालेख लिनेको विरुद्ध हानि नोक्सानी हुने कुनै काम गरेको, वा

(छ) प्राधिकरण वा कुनै पनि बीमकको कर्मचारी भएमा ।

१०५ **इजाजत पत्र खारेज हुने** :(१) कुनै बीमा अभिकर्ता, सर्भेयर, बीमा दलाल वा तेश्रो पक्ष सहजकर्ताले आफ्नो इजाजतपत्र नवीकरण नगराएमा वा आफ्नो इजाजतपत्र खारेजीको लागि प्राधिकरणमा निवेदन दिएमा निजको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(२) कुनै बीमा अभिकर्ता, सर्भेयर, दलाल वा तेश्रो पक्ष सहजकर्ताले बीमालेख लिनेको हक हित विरुद्ध वा बीमकको हक हित बिरुद्ध वा यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै काम गरेको छ भन्ने कुरामा प्राधिकरण विश्वस्त भएमा प्राधिकरणले त्यस्ता बीमा अभिकर्ता, सर्भेयर, दलाल वा तेश्रो पक्ष सहजकर्ताको इजाजत पत्र खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम इजाजत पत्र खारेज गर्नु पूर्व प्राधिकरणले निजलाई लगाइएको आरोप उपर स्पष्टीकरण पेश गर्न मनासिब समय दिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम कुनै बीमा अभिकर्ता, सर्भेयर, दलाल वा तेश्रो पक्ष सहजकर्ताको इजाजतपत्र खारेज भएमा निजले आफ्नो इजाजतपत्र खारेज हुनु पूर्व गरेको बीमा सम्बन्धी कार्य वापतको कमिशन वा पारिश्रमिक पाउने छैन ।”

## परिच्छेद १८
## कसुर तथा दण्ड सजाय

१०६ **कसुर गरेमा दण्ड सजाय हुने** : (१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम वा सो अन्तर्गत जारी गरिएको निर्देशिका, निर्देशन, आदेश, मापदण्ड, दिग्दर्शन वा मार्गदर्शन विपरीत हुनेगरी बीमा व्यवसाय गरेमा वा बीमालेख जारी गरेमा वा समितिले निर्धारण गरेको नीति विपरीत व्यवसाय गरेमा वा कारोबार गरेमा वा त्यस्ता कार्यमा संलग्न भएमा त्यस्ता बीमक, बीमकका संचालक, बीमकका कर्मचारी, बीमा अभिकर्ता, सर्भेयर, दलाल, तेश्रो पक्ष सहजकर्ता वा अन्य जो कोही व्यक्ति वा संस्थाले यस ऐन बमोजिम कसूर गरेको मानिनेछ ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम वा सो अन्तर्गत जारी गरिएको निर्देशिका, निर्देशन, आदेश, मापदण्ड, दिग्दर्शन वा मार्गदर्शन पालना नगरेमा समेत निजले यस ऐन बमोजिम कसूर गरेको मानिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको कसूर बदनियतपूर्वक गरी बीमित, बीमक वा बीमा व्यवसायलाई प्रत्यक्ष रुपमा गम्भिर असर पर्ने कार्य गर्ने व्यक्ति वा संस्थालाई प्राधिकरणबाट उक्त कसूरसंग सम्बन्धित बिगो जफत गरी बिगोको तीन गुणासम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(४) उपदफा (३) बमोजिम बिगो जफत गरी बिगो कायम गर्न नसकिने अवस्थामा समितिबाट कसूरको मात्रा हेरी बढीमा दश लाख रुपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(५) उपदफा (३) बमोजिमको कसूर कुनै फर्म, कम्पनी वा संस्थाले गरेकोमा उपदफा (३) वा (४) बमोजिमको सजाय उक्त फर्म, कम्पनी वा संस्थाको कसूर गर्ने पदाधिकारीलाई हुनेछ ।

(६) उपदफा (३) बमोजिमको कसूर गर्न उद्योग गर्ने व्यक्ति वा त्यस्तो कसूर गर्न अप्रत्यक्ष रुपमा संलग्न भएका वा त्यस्तो कसूर गर्न सघाउ पुऱ्याउने व्यक्ति वा सम्बन्धित फर्म, कम्पनी वा संस्थाको अपराध गर्न सघाउ पुऱ्याउने पदाधिकारीलाई प्राधिकरणबाट मुख्य आरोपित व्यक्तिलाई तोकिएको सजायको आधासम्म सजाय हुनेछ ।

(७)उपदफा (३),(४),(५) वा (६) बमोजिम दण्ड सजाय गरेको जानकारी प्राधिकरणले नेपाल सरकार वा सम्बन्धित निकायमा लेखी पठाउनेछ ।

(८) उपदफा (७) बमोजिम जानकारी पाएपछि त्यस्तो दण्ड सजाय कार्यान्वयन गर्न नेपाल सरकार वा सम्बन्धित निकायले सहयोग गर्नु पर्नेछ ।

(९) देहाय बमोजिमको कसुर गर्ने बीमक लगायत जुनसुकै व्यक्ति वा संस्थालाई प्राधिकरणले देहाय बमोजिम जरिवाना गर्न सक्नेछ ।

(क) दफा ४३(१) बिपरित बीमा व्यवसाय गरेमा पचास लाख रुपैयाँ ।

(ख) दफा ४३(२) बिपरित बीमा व्यवसाय गरेमा पच्चीस लाख रुपैयाँ ।

(ग) दफा ४८ को उपदफा (४) बमोजिम नवीकरण गर्दा पाँच लाख रुपैया ।

(घ) दफा ४८ को उपदफा (६) बमोजिम नवीकरण गर्दा पाँच लाख देखी दश लाख रुपैया सम्म ।

(ङ) दफा ४९ को उपदफा (५) बमोजिम रोक फुकुवा गर्दा पाँच लाख देखी दश लाख रुपैया सम्म ।

(च) दफा ८५ को उपदफा (१) वा (४) विपरित कार्य गरेमा पचास हजार रुपैयाँ सम्म ।

(छ) दफा १०० को उपदफा (१) विपरित कार्य गर्ने व्यक्ति वा संस्थालाई बीस हजार रुपैयाँ सम्म ।

(ज) दफा १०० को उपदफा (१०) बमोजिम तोकिए भन्दा बढी अभिकर्ता कमिशन दिने बीमकलाई एक लाख रुपैयाँ सम्म ।

(झ) दफा १०० को उपदफा (११) विपरित बीमा व्यवसाय स्वीकार गर्ने बीमकलाई एक लाख रुपैयाँ सम्म ।

(ञ) दफा १०१ को उपदफा (१) बिपरित कार्य गर्ने ब्यक्ति वा संस्थालाई एक लाख रुपैयाँ सम्म ।
(ट) दफा १०१ को उपदफा (१०) वा (११) बिपरित कार्य गर्ने गराउने सर्भेयर तथा बीमकलाई पाँच पाँच लाख रुपैयाँ सम्म ।
(ठ) दफा १०२ को उपदफा (१) बिपरित कार्य गर्ने ब्यक्ति वा संस्थालाई बीस लाख रुपैयाँ सम्म ।
(ड) दफा १०२ को उपदफा (१०) बमोजिम नवीकरण गर्दा पाँच लाख रुपैयाँ सम्म ।
(ढ) दफा १०३ को उपदफा (१) बिपरित कार्य गर्ने ब्यक्ति वा संस्थालाई बीस लाख रुपैयाँ सम्म ।
(ण) दफा १०३ को उपदफा (१०) बमोजिम तोकिए भन्दा बढी पारिश्रमिक दिने बीमकलाई एकलाख रुपैयाँ सम्म ।
(त) दफा १०३ को उपदफा (११) विपरित कार्य गर्ने बीमकलाई एक लाख रुपैयाँ सम्म ।
(थ) दफा ९५ को उपदफा (३) बमोजिम कागजात पेश नगरेमा दश लाख रुपैयाँ सम्म ।
(द) दफा ९५ को उपदफा (५) बमोजिम माग गरिएको कागजात पेश नगरेमा दश लाख रुपैयाँ सम्म ।
(ध) दफा ९५ को उपदफा (६) बमोजिम जिम्मामा दिएको सम्पत्ति वा कागजात लुकाए छिपाएमा दश लाख रुपैयाँ सम्म ।
(न) दफा ९६ विपरित कार्य गरेमा दश लाख रुपैयाँ सम्म ।
(प) दफा ६८ को व्यवस्था उल्लघंन गरेमा दशलाख  रुपैयाँ सम्म ।
(फ) माथि उल्लेखित बाहेक अन्य ब्यवस्थाको उल्लङ्घन गरेको अवस्थामा त्यस्तो कार्यको प्रकृति र त्यसबाट पर्ने असरको परिमाणलाई बिचार गरी दश लाख रुपैयाँ सम्म ।

(१०) उपदफा (९) बमोजिमको जरिवाना त्यस्तो कार्य गर्ने बीमक वा संस्थाका सञ्चालक, पदाधिकारी वा कर्मचारीलाई हुनेछ ।

(११) यस ऐन बमोजिम दण्ड सजाय हुने, आर्थिक हिनामिना हुने वा विगो कायम गर्नु पर्ने अवस्था नभई बीमा ब्यवसायलाई स्वच्छ, प्रतिस्पर्धात्मक रुपमा संचालन गर्न वाधा पुग्ने वा बीमकको हित विपरित हुन सक्ने वा बीमितको हित संरक्षण हुन नसक्ने अवस्था देखिएमा त्यस्तो बीमक, ब्यक्ति वा संस्थालाई प्राधिकरणले देहाय बमोजिमको एक वा एक भन्दा बढी सजाय गर्न सक्नेछ :-
(क) सचेत गराउने वा लिखित चेतावनी दिने ।
(ख) सुधारात्मक कदम चाल्नका लागि सञ्चालक समितिलाई कवुलियतनामा गराउने ।
(ग) बारम्बार हुने उल्लङ्घन अन्त गर्न, त्यसबाट अलग रहन र सुधारात्मक कदम चाल्नका लागि लिखित आदेश जारी गर्ने ।
(घ) प्राधिकरणले दिने सेवा निलम्वन वा अन्त्य गर्ने ।

(१२) यस ऐन बमोजिम आर्थिक जरिबाना वा सजाय गर्दा प्राधिकरणले देहायको कार्यविधि अवलम्वन गर्नु पर्नेछ :-
(क) प्रस्तावित सजाय गर्नु अघि प्राधिकरणले देहायका कुराहरु उल्लेख गरी आरोपित कुनै पनि व्यक्ति वा संस्थालाई प्रस्तावित जरिबाना वा सजायको बारेमा आफ्नो सफाई पेश गर्ने पन्ध्र दिनको म्याद दिई लिखित सूचना दिनु पर्नेछ :-
(१) कसूरको प्रकृति,
(२) कसूरको प्रकृति अनुरुप लगाउन सकिने जरिबानाको रकम वा प्रस्तावित सजाय, र
(३) कसूरको संक्षिप्त व्यहोरा ।

(ख) खण्ड (क) बमोजिम आरोपित व्यक्ति वा संस्थाले उक्त आरोपसंग सहमत वा असहमत भएको सम्बन्धमा पन्ध्र दिनभित्र लिखित प्रतिकृया पठाउनु पर्नेछ ।

(ग) आरोपित व्यक्ति वा संस्थाले सो कसूर उपर असहमति व्यक्त गरेको व्यहोरा चित्त बुझ्दो भएमा प्राधिकरणले त्यस्तो आरोपलाई संशोधन, सीमित वा खारेज गर्न सक्नेछ ।

(घ) आरोपित व्यक्ति वा संस्थाले सो कसूर उपर सहमति व्यक्त गरेमा वा चित्त बुझ्दो प्रतिकृया दिन नसकेमा प्राधिकरणले त्यस्तो जरिबाना वा सजाय गर्नेछ ।

(ङ) खण्ड (घ) बमोजिम लगाइएको जरिवाना सम्बन्धित व्यक्ति वा संस्थाले कुनै पनि बैंङ्क वा बित्तीय संस्थामा राखेको कुनै पनि निक्षेप खाताबाट कट्टा गरी लिने गरी प्राधिकरणले आदेश जारी गर्न सक्नेछ ।

(१३) यस ऐन बमोजिम प्राधिकरणलाई प्राप्त हुने नगद जरिबाना दफा ३४ बमोजिमको कोषमा जम्मा गरिनेछ ।

(१४) उपदफा (१२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (११) अन्तर्गतको सजाय गर्दा कुनै पनि किसिमको कार्यविधि अपनाउनु पर्ने छैन ।

## परिच्छेद–१९
## विविध

१०७ **स्वेच्छिक खारेजीको अनुमति लिनु पर्ने :** (१)जीवन बीमा गर्ने बीमक कुनै पनि कारण बाट स्वेच्छिक रुपमा खारेज हुने छैन ।

(२) अन्य बीमा व्यवसाय गर्ने बीमक प्राधिकरणको पूर्व स्वीकृति बिना स्वेच्छाले खारेज हुन सक्ने छैन ।

(३) उपदफा (१) बमोजिम बीमकको स्वेच्छिक खारेजीको लागि निवेदन पर्न आएमा प्राधिकरणले आवश्यक जाँचबुझ गरी त्यस्तो बीमकले आफ्नो ॠण तथा दायित्व पुर्ण रुपमा भुक्तानी गर्न सक्षम छ भन्ने कुरामा प्राधिकरण विश्वस्त भएमा प्राधिकरणले तोकिदिएको शर्त पूरा गर्ने गरी स्वेच्छिक खारेजीको अनुमति दिन सक्नेछ ।

१०८ **लिक्विडेटरको नियुक्ति** : कुनै बीमक दफा ५० बमोजिम दर्ता खारेजीको कारणले विघटन भएमा नेपाल सरकारले लिक्विडेटरको नियुक्ति गर्न सक्नेछ । त्यसरी नियुक्त भएको लिक्विडेटरको काम, कर्त्तव्य र अधिकार प्रचलित कम्पनी ऐन अन्तर्गतको लिक्विडेटर सरह हुनेछ ।

१०९ **बीमक खारेज हुँदा दायित्वको भुक्तानीमा प्राथमिकताक्रम** : (१) दफा ५० बमोजिम दर्ता खारेजीको कारणले विघटन भएका बीमकले बीमा बापत प्राप्त गरेको रकम प्राधिकरणले तोकेको अवधि भित्र र तरिका बमोजिम जीवन बीमाको सम्बन्धमा प्राधिकरणले तोकिदिए बमोजिमको बोनस सहित साँवा र निर्जीवन बीमाको सम्बन्धमा दामासाहीले प्राधिकरणले तोकेको साँवा रकम बीमा लिने व्यक्ति संस्था वा प्राधिकरणलाई फिर्ता गर्नु पर्नेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बीमक कुनै किसिमले खारेजी हुँदा देहायको प्राथमिकताको आधारमा दायित्वको भुक्तानी दिनु पर्नेछ :-

(क) बिघटन गर्दा लागेको खर्च ।

(ख) जीवन बीमा गर्ने बीमितलाई भुक्तानी गर्न बाँकी रकम ।

(ग) निर्जीवन बीमा गर्ने बीमितलाई भुक्तानी गर्न बाँकी रकम ।

(घ) अन्य बीमकलाई भुक्तानी गर्न बाँकी रकम ।

(ङ) प्रचलित कानून बमोजिम बुझाउनु पर्ने कर, दस्तुर र शुल्क ।

(च) कर्मचारीलाई भुक्तानी दिन बाँकी तलब, भत्ता, संचयकोष, उपदान र अन्य रकम ।

(छ) बीमकले लिएको अन्य कर्जा ।

(ज) शेयरधनी ।

११० **मध्यस्थता** : (१) बीमकहरुका बीचमा कुनै किसिमको विवाद उत्पन्न भएमा प्राधिकरणले मध्यस्थता गर्नेछ । यस्तो मध्यस्थताका सम्बन्धमा प्राधिकरणले दिएको निर्णय अन्तिम हुनेछ ।

(२) मध्यस्थता सम्बन्धी कार्यविधि प्राधिकरणले तोके बमोजिम हुनेछ ।

१११ **बीमा भुक्तानी रोक्का राख्न निर्देशन दिन सक्ने** : (१) बीमा व्यवसाय, बीमितको हित बिपरित हुने अवस्था वा कुनै पनि किसिमको कसूरको अनुसन्धान वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय आतंकवादी गतिविधि वा संगठित अपराधको नियन्त्रण गरी राष्ट्रिय हित कायम राख्ने सिलसिलामा कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाममा बीमकले जारी गरेको बीमालेख रहेकोबाट कुनै पनि किसिमले भुक्तानी लिन वा दिन नपाउने गरी रोक्का राख्न प्राधिकरणले सम्बन्धित बीमकलाई कुनै पनि बखत निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राधिकरणले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित बीमकको कर्तव्य हुनेछ ।

११२ **बीमित हित संरक्षण कोष स्थापना** : (१) बीमकको व्यवशाय असफल भई बिमितले यस ऐन बमोजिम दाबी पाउन नसक्ने अवस्थामा तोकिए बमोजिमको रकम बीमितलाई भुक्तानी गर्न दफा ३४ बमोजिम प्राप्त रकमबाट प्राधिकरणको कोषमा जम्मा हुन आएको रकम र बीमकहरुको दाबी भुक्तानी गर्नु पर्ने ब्यक्ति वा सँस्था एकिन नभएका दायित्व बापतको रकमबाट एक बीमित हित संरक्षण कोष स्थापना गरिने छ ।

(२) उपदफा (१) बमोजिमको कोषमा रहने रकम तथा त्यस्तो रकम उपभोग गर्ने कार्यबिधि प्राधिकरणले तोकिदिए बमोजिम हुनेछ ।

११३ **बाधा अडकाउ फुकाउने** : यस ऐनमा लेखिएको कुनै कुरा कार्यान्वयन गर्न बाधा अडकाउ परेमा प्राधिकरणले नेपाल सरकारको सहमती लिई त्यस्तो बाधा अडकाउ फुकाउन आवश्यक आदेश जारी गर्न सक्नेछ ।

११४ **आपसी सहयोग आदान प्रदान गर्ने** : (१) आ-आफ्नो सुपरिवेक्षण क्षेत्राधिकार अन्तर्गत पर्ने प्राधिकरण तथा बीमकको सुपरिवेक्षण गर्नको लागि प्राधिकरणले सम्बन्धित विदेशी सुपरिवेक्षण अधिकारीसंग पारस्परिकताको आधारमा सहयोगको आदान प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सुपरिवेक्षण गर्ने प्रयोजनको लागि प्राप्त जानकारी वा सूचना गोपनीयता भंग नहुने गरी प्राधिकरणले विदेशी सुपरिवेक्षण अधिकारीसंग आदान प्रदान गर्न सक्नेछ ।

(३) प्राधिकरणले बीमा प्रणालीसंग सम्बन्धित नियमन गर्ने अन्य निकायसंग बीमा प्रणालीको सम्बर्द्धन गर्ने प्रयोजनका निमित्त एक आपसमा सहयोगको आदान प्रदान गर्न सक्नेछ ।

११५ **सूचना नेटवर्कको स्थापना** : प्राधिकरणले नेपालको बीमा प्रणालीको सम्बर्द्धनको लागि तोकिए बमोजिम सूचना नेटवर्क स्थापना र सञ्चालन गर्नेछ ।

११६ **तथ्याङ्क सङ्कलन** : (१) प्राधिकरणले आफ्नो उद्देश्य प्राप्त गर्न तथा आफ्नो कार्य सम्पादन गर्न आफै वा नेपाल सरकार वा अन्य निकायबाट आफूलाई आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्न सक्नेछ। यस प्रयोजनका लागि प्राधिकरणले नेपालभित्र वा बाहिरका आधिकारिक व्यक्ति, संघ, संस्था र अन्तर्राष्ट्रिय संघ, संस्थासंग पनि सहयोग लिन सक्नेछ ।

(२) प्राधिकरणले आफ्नो कार्यक्षेत्रसंग सम्बन्धित तथ्याङ्क सङ्कलन, संग्रह तथा वितरण व्यवस्थालाई समन्वय र परिमार्जन गर्न आवश्यक व्यवस्था गर्न सक्नेछ ।

११७ **काम कारबाही बदर नहुने** : अध्यक्ष वा सदस्यको नियुक्ति वा प्राधिकरणको गठनमा कुनै रीत नपुगेको वा अध्यक्ष वा सदस्यको पद रिक्त रहेको कारणले मात्र प्राधिकरणको कुनै काम कारबाही बदर हुने छैन ।

११८ **पुनरावेदन** : यस ऐन बमोजिम प्राधिकरणले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्ति वा संगठित संस्थाले सो निर्णय भएको पैंतीस दिन भित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्ने छ ।

११९ **प्रचलित कानून बमोजिम हुने** : यस ऐनमा लेखिएको जतिमा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

१२० **नियम तथा विनियम बनाउने अधिकार** : (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्राधिकरणले अर्थ मन्त्रालय तथा कानून न्याय तथा संविधान सभा मन्त्रालयको प्रतिनिधि समेत रहेको उप-समितिको सिफारिस लिई आवश्यक विषयमा नियम तथा विनियम बनाई लागू सक्नेछ :

(२)प्राधिकरणको काम कारबाहीलाई ब्यवस्थित तथा नियमित गर्न प्राधिकरणले नियमाबलीतथा संचालक सदस्यहरुको सेवा, शर्त सम्बन्धी बिनियम बनाउनसक्नेछ ।

(३) उपदफा (१) र (२) मा उल्लेखित बाहेक यस ऐन बमोजिम अन्य आवश्यक नियम बनाउन पर्ने भएमा प्राधिकरणले नेपाल सरकारको स्वीकृती लिई बनाउन सक्नेछ ।

(४) उपदफा (१) र उपदफा (२) अन्तर्गत जारी गरिएको नियम तथा विनियम प्राधिकरणले नेपाल सरकारको जानकारीको निमित्त पठाउनु पर्नेछ ।

(५) उपदफा (१) र उपदफा (२) अन्तर्गत जारी गरिएको नियम तथा विनियम समितिले सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

१२१ **निर्देशिका बनाई लागू गर्ने** : (१) प्राधिकरणले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियमको अधीनमा रही समय समयमा आवश्यक निर्देशिका, निर्देशन, आदेश, मापदण्ड, दिग्दर्शन, मार्ग निर्देशन बनाई लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम लागु गरिएका निर्देशिका, निर्देशन, आदेश, मापदण्ड, दिग्दर्शन, मार्ग निर्देशन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गर्नु पर्नेछ ।

१२२ **खारेजी र बचाउ** : (१) देहायका ऐनहरु खारेज गरिएका छन् :-

(क) बीमा ऐन, २०४९,

(ख) राष्ट्रिय बीमा संस्थान ऐन, २०२५

(२) उपदफा (१) अन्तर्गत खारेज गरिएका ऐनहरु बमोजिम भए गरेका सम्पूर्ण काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।